राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणाली... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ८५ • २०८१ साल साउन २८ गते सोमबार (12 August, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

## प्रदेशमा मन्त्रालय घटाउन अध्यक्षको प्रस्ताव




**टुडे समाचारदाता**

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समितिको बैठकमा अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा प्रदेशमा राखिएको मन्त्रालयको संख्यालाई घटाउनु पर्ने राजनीतिक प्रस्ताव पेश गरेका छन्।

प्रदेशहरुमा जम्बो मन्त्रीमण्डल बन्ने क्रम सुरु भएसँगै अध्यक्ष यादवले आफ्नो राजनीतिक प्रस्तावमा संख्या घटाउनु पर्ने उल्लेख गरेका छन्। मधेश प्रदेशमा हालै २० सदस्यीय मन्त्रीमण्डल बनेसँगै विवाद चुलिएको छ।

उनले संविधान पुनरावलोकनका लागि आयोग गठन गर्नुपर्ने पनि प्रस्तावमा उल्लेख गरेका छन्।

'संविधान पुनरावलोकन आयोग गठनसहित सबैको राय सुझाव संकलन गरी त्यस आधारमा हुनुपर्छ' उनले प्रस्तावमा भनेका छन् ,समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठन हुनुपर्छ।

जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको पुनःनिर्धारण गर्नुपर्ने उल्लेख गरिएको ६१ बुँदे प्रस्तावमा उनले प्रतिनिधिसभालाई जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरी प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने र राष्ट्रियसभामा समेत जनसंख्याको अनुपातमा सबै समुदायको प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने प्रस्ताव अघि सारेका छन्।

आइतबारदेखि सुरु भएको केन्द्रीय समितिको बैठकमा सपथ ग्रहणपछि अध्यक्ष यादवले राजनीतिक प्रस्ताव पेश गरेका हुन्।

'राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्यांक बमोजिम जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गरिनु पर्दछ,' अध्यक्ष यादवको प्रस्तावमा अगाडी भनिएको छ, 'राष्ट्रिय सभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ।'

### जउवा संघ चुनावमा नेताहरु संयमित

# अध्यक्षमा तीन उम्मेदवार, ठूला व्यवसायीहरुको छैन चासो

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको राजधानी जनकपुरधामका उद्योगी व्यवसायीहरुको छाता संगठन जनकपुरधाम उद्योग वाणिज्य संघको चुनावका लागि धमाधम उम्मेदवारी घोषणा भइरहेको छ।

संघको अध्यक्ष पदका लागि हालसम्म तीन जना युवाहरुले उम्मेदवारी दिने घोषणा गरेका छन्। संघका वर्तमान वरिष्ठ उपाध्यक्ष मनिष रमण साह, पूर्ववरिष्ठ उपाध्यक्ष जितेन्द्र साह र पूर्वउपाध्यक्ष एवं गत चुनावमा झिनो मतान्तरले पराजित भएका सुरेन्द्र भण्डारीले अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका छन्।

तीनै जना उम्मेदवारले घरदैलो अभियान सुरु गरिसकेका छन्। विगतमा गरेका कार्यहरु र आगामी दिनमा गरिने कामलाई नै उम्मेदवारहरुले प्रचारप्रसारमा समेटेका छन्।

४ हजारभन्दा बढी मतदाता रहेको उद्योग वाणिज्य संघमा विभिन्न पदका प्रत्याशीहरुले नै शूल्क तिरेर नयाँ सदस्यता एवं नवीकरण गराएका छन्। सदस्यता नवीकरण र नयाँ सदस्यता बनाएको आधारमा नै जित निश्चितप्रति विश्वस्त रहेका छन्।

सदस्यता नवीकरण र नयाँ सदस्यता बनाउन प्रत्याशीहरुले ठूलो लगानी गरेको बताइन्छ। जनकपुरधाम उद्योग वाणिज्य संघको गत चुनावमा धनुषा जिल्लाभरिका मतदाता रहेका थिए। तर नेपाल उद्योग वाणिज्य महासंघले हरेक नगरपालिकामा उद्योग वाणिज्य संघ गठन गर्न सकिने प्रावधान ल्याएपछि यस पटक जनकपुरधाम उपमहानगरपालिकाका उद्योगी, व्यवसायीहरु मात्र सदस्य छन्।



मनिष रमण साह



जितेन्द्र साह



सुरेन्द्र भण्डारी

जउवा संघले निर्वाचन गराउन पूर्वअध्यक्ष ललितकुमार साहलाई संयोजक तोकिसकेको छ। तर मतदाताको नामावली फाइनल हुन बाँकी रहेको छ। मतदाता नामावली प्राप्त नभएको बताउँदै निर्वाचन समितिका संयोजक साहले भदौं २९ गते मतदान हुने तिथि निर्धारण भइसकेको बताए।

संघमा अध्यक्ष बाहेक वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष लगायत सदस्यहरुको चुनाव हुनेछ। अन्य पदमा पनि प्रतिष्पर्धा हुने निश्चित छ। तर अध्यक्ष पदका प्रत्याशीहरुले नै संघको चुनाव हुन लागेको वातावरण बनाउन लागेका छन्।

अन्य पदका उम्मेदवारहरुले सामाजिक सञ्जालमा इच्छा व्यक्त गरिरहेका छन्। कतिपय उम्मेदवारहरुले व्यवसायीहरुको व्यवसायिक प्रतिष्ठानमा समेत पुग्न थालेका छन्। तर चर्चामा हाल अध्यक्षका प्रत्याशीहरु नै रहेका छन्।

चुनावमा युवा व्यवसायीहरुको चासो बढी देखिन्छ। उद्योगी, पुराना र ठूला व्यवसायीहरुले चुनावप्रति खासै चासो लिएको पाइदैन। पछिल्लो समयमा जउवा संघमा सक्रिय व्यवसायीहरु नेतृत्वबाट पाखा लाग्न थालेका छन्। आफ्ना व्यवसायमा समय दिनु नपर्ने, प्रशासनिक निकायहरुमा दौडधुप गर्न सक्ने युवाहरुलाई नेतृत्वमा ल्याउने चाहना व्यवसायीहरुको देखिन्छ।

हुन त विगतको जस्तो जउवा संघको गरिमा अहिले नरहेको धेरै व्यवसायीहरुको स्वीकारोक्ति छ। स-साना समस्या हुँदा पनि प्रशासनिक निकाय नै धाउनु परिरहेको छ। विगतमा प्रशासनिक निकाय प्रमुखहरु समस्या समाधानका लागि जउवा संघको कार्यालयमा नै पुग्ने गरेका थिए।

हुन त जउवा संघले विभिन्न दलका नेता र निकायहरुसित चन्दा लिन थालेको कतिपय पूर्व पदाधिकारीहरुले रुचाएका छैनन्। चन्दा दिने, विभिन्न सामाजिक गतिविधिहरुमा अग्रणी भूमिका निर्वाह गर्ने व्यवसायीहरुको संस्थाले चन्दा माग्नु क्लवहरुको जस्तो क्रियाकलाप भएको उनीहरुको कथन छ।

चुनावमा उद्योगी र ठूला व्यवसायीहरुले चासो नलिनुको कारण चुनाव जित्ने अवस्था नरहेको नै हो। चुनावमा मतदातालाई प्रभावित पार्न अनेक प्रकारको दबाब र प्रलोभन दिने गरिन्छ। त्यो इमान्दार व्यवसायीले गर्न नसक्ने भएर नै उनीहरु पाखा लागेको व्यवसायी कमल साह बताउँछन्।

यस पटक पनि चुनावमा राजनीति दलहरुको प्रभाव व्यापक रहने संकेत देखिएको छ। नेपाली कांग्रेस निकट रहेका मनिष रमण र जितेन्द्र साह अध्यक्ष पदका प्रत्याशी हुन्। त्यसैगरि नेकपा एमालेको जनकपुरधाम उपमहानगरपालिका अध्यक्ष समेत रहेका भण्डारी पनि अध्यक्ष पदका प्रत्याशी हुन्।

यद्यपि कांग्रेस र एमालेले औपचारिक रुपमा चुनावमा खुलेका छैन। तर दलगत रुपमा भण्डारीलाई एमालेले सघाउने स्वभाविक मानिन्छ। यद्यपि कांग्रेसले दुवै जना मध्ये एकलाई उम्मेदवार घोषणा गर्ने अथवा मौन रहेर नै आन्तरिक रुपमा सघाउने खुलस्त हुन बाँकी छ।

मतदाताहरु पनि अहिले नै खुलिसकेका छैनन्। तर युवा व्यवसायीहरुले आफ्ना निकटका उम्मेदवारहरुको प्रचारप्रसारमा जुट्न थालेका छन्। सामाजिक सञ्जालमा अन्य उम्मेदवारको विरोध नगरी आफूले रुचाएका उम्मेदवारलाई समर्थन गरिरहेका छन्। यसलाई सकारात्मक रुपमा मतदाताहरुले लिएको पाइन्छ।






# आर्थिक-सामाजिक परिवर्तनमा युवाको भूमिका आवश्यक छ : उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले आर्थिक-सामाजिक परिवर्तनमा युवाको भूमिका आवश्यक रहेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय युवा दिवस, २०२४ का अवसरमा आइतबार ललितपुरमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री सिंहले युवालाई सकारात्मक सोचका साथ अघि बढ्न आग्रह गर्नुभयो । "हरेक परिवर्तनमा युवाको ठूलो भूमिका हुन्छ, हामी युवा हुँदा लोकतान्त्रिक मूल्य मान्यताका लागि सङ्घर्ष गर्यौं, राजनीतिक परिवर्तनका लागि काम गर्यौं, अब त्यो अवस्था छैन, अहिले संविधानसभाबाट लोकतान्त्रिक संविधान जारी भएको छ । प्राप्त अधिकारको कार्यान्वयन गराउँदै देशलाई फाइदा हुनेगरी सबैको आर्थिक समृद्धि गराउनतर्फ लाग्नुपर्छ," उहाँले भन्नुभयो ।




जिम्मेवारी र दायित्वबाट पन्छिएर आरोपप्रत्यारोपबाट मात्रै प्रगति हुन नसक्ने उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले एकताबद्ध भएर आर्थिक-सामाजिक रुपान्तरण गर्न लाग्नुपर्ने बताउनुभयो । "युवा बेरोजगारी समस्याबाट पीडित छन्, दैनिक एक हजार सात सयदेखि दुई हजार पाँच सयको सङ्ख्यामा युवा देशबाट बाहिरिने गरेको तथ्याङ्क छ । विगतको भन्दा केही परिवर्तन भएन भन्नुभन्दा पहिला र अहिलेको अवस्था तुलना गरेर हेर्नुपर्छ, शिक्षा, स्वास्थ, रोजगार, यातायात, डिजिटल प्रविधिको क्षेत्रमा विकास भएको छ," उहाँले भन्नुभयो ।

उपप्रधानमन्त्री सिंहले सत्य र असत्य कुरा छुट्याउन सक्नुपर्छ भन्नुहुँदै नकारात्मक मानसिकतामा आधारित रहेर लेखिएको कुरालाई पनि सबै सत्य नै हो भनेर त्यसैलाई सही हो भन्ने आधारमा हेर्न सकिँदैन भन्नुभयो । उहाँले राम्रो सोचबाट काम गरेर अवस्था परिवर्तन गर्न सकिने बताउँदै युवाहरु सकारात्मक परिवर्तनमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

"राजनीतिक परिवर्तनमा मात्रै हैन, आर्थिक-सामाजिक परिवर्तनमा पनि युवाको भूमिका महत्वपूर्ण हुन्छ । अवस्था परिवर्तन गर्न युवाले जिम्मेवारी बोध गर्दै काम गर्नुपर्छ", उहाँले भन्नुभयो ।अन्तर्राष्ट्रिय युवा दिवस, २०२४ का अवसरमा नेपाल युवा संस्था सञ्जालद्वारा १२ बुँदे माग समेटेर जारी गरिएको घोषणापत्रमा धेरै कुरालाई लक्षित गरिएको उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले माग सम्बोधन गर्न आफ्नोतर्फबाट सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाउनुभयो ।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले 'भिजन २०२५' का बारेमा आवश्यक छलफल गरेर काम गर्ने तथा भदौ महिनाभित्रै राष्ट्रिय युवा नीति जारी हुने गरी मन्त्रालयले तयारी गरिरहेको जानकारी दिनुभयो । विकृति र विसङ्गति अन्त्य गर्नेगरी डिजिटल प्रविधिलाई उपयोग गर्न उहाँले आग्रह गर्नुभयो । शिक्षण पेसामा युवाको सहभागिता आवश्यक रहेकामा उहाँको जोड थियो । युवा परिषद्मार्फत पाँच वर्षमा तिर्नेगरी निर्व्याजी रु पाँच लाख व्यवसाय गर्नका लागि ऋण उपलब्ध गराइएको जानकारी गराउँदै मन्त्री चौधरीले यसको सदुपयोग गर्न अनुरोध गर्नुभयो ।

"मन्त्रालयको ६० प्रतिशतभन्दा बढी बजेट राष्ट्रिय खेलकुद परिषद्मा जाने गरेको छ, शिक्षा र खेलकुदलाई सँगसँगै लैजानुपर्छ, खेलकुद परिषद्मार्फत सञ्चालन हुने कार्यक्रमलाई सही सदुपयोग गर्न र लाभ हासिल गर्न आग्रह गर्दछु," उहाँले भन्नुभयो ।नेपालमै बसेर काम गर्ने दक्ष जनशक्तिको अभाव हुँदै गएको भन्दै मन्त्री चौधरीले शिक्षण पेसामा लाग्ने व्यक्तिको अभावले विदेशबाट ल्याउनुपर्ने अवस्था आएकोतर्फ युवालाई सचेत गराउनुभयो ।

बागमती प्रदेशका सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले प्रविधिको युगमा युवाहरु निराश हुनुपर्ने अवस्था नरहेको भन्दै देशभित्रै भविष्य खोज्न लाग्नुपर्ने बताउनुभयो । उहाँले काम सानो र ठूलो नहुने भन्दै आफ्नै देशभित्र जस्तोसुकै काम गर्न पनि तयार हुनुपर्ने बताउनुभयो । बागमती प्रदेशले प्रदेश युवा नीति, युवा वैज्ञानिक प्रोत्साहन कार्यविधि बनाएको जानकारी गराउँदै उहाँले १३ जिल्लाका युवालाई समेटेर अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले अन्तर्राष्ट्रिय युवा दिवसले युवाको सक्रियतामा विश्वव्यापी छलफल, बहस र दिगो विकास लक्ष्यका लागि साझा थलोको परिकल्पना गरेको बताउनुभयो । उहाँले युवा राष्ट्र निर्माणका लागि निरन्तर क्रियाशील हुनुपर्ने र प्रविधिमार्फत दिगो विकास लक्ष्य हासिल गर्दै गरिबी निवारणमा लाग्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय योजना आयोगका सदस्य जयबहादुर टण्डनले देशको प्राकृतिक स्रोत र साधनको उचित प्रयोग गर्दै मानव संसाधनको उपयोग गरी आर्थिक सामाजिक रुपान्तरणमा लाग्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले अहिलेको अवस्थामा देशभित्रै आशा, भरोसाका साथै उद्यमशीलता र रोजगारीको अवसर सृजना गर्न सक्नुपर्ने बताउनुभयो । सामाजिक अभियन्ता रमण भट्टराई र नेपाल युवा संस्था सञ्जाल (आयोन)का अध्यक्ष विकल राईले सफलताका लागि सकारात्मक सोचका साथ अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । हरेक वर्ष अगस्त १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसका रुपमा मनाइँदै आएको छ । 'दिगो विकास लक्ष्यमा अभिवृद्धि र समृद्धि, डिजिटल प्रविधिमा युवा पहुँचको अभिवृद्धि' नाराका साथ यस वर्ष अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै छ ।रासस

# बाइस हजार करदाताले वार्षिक कर बुझाएनन्

जनकपुरधाम । आन्तरिक राजस्व कार्यालय जनकपुरले व्यावसायिक प्यान नम्बर लिएका २२ हजार करदाताले वार्षिक कर नतिरेको जनाएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा ती करदाताले आफैँ कार्यालय आई तिर्नुपर्ने कर नबुझएको कार्यालयबाट जानकारी प्राप्त भएको छ।




सो कार्यालयअन्तर्गत ३७ हजार व्यावसायिक करदाता रहेको छ। त्यसमध्येका १५ हजार करदाताले मात्र वार्षिककर अर्थात् (आयव्यय) राजस्व बुझाएको बताइएको छ । कर नबुझएमा कानुनबमोजिम कारबाही तथा जरिवाना हुने कार्यालयले स्पष्ट गरेको छ ।यसैगरी, पटकपटक ताकेता गर्दासम्म राजस्व नबुझाउने २० वटा उद्योगी तथा व्यावसायिक फार्ममाथि कानुनी कारबाही गरी गत आर्थिक वर्षमा रु १० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख किशोर बर्तौलाले जानकरी दिनुभयो ।

लामो समयदेखि नियमानुसार लाग्ने कर दस्तुर नबुझाउने एक सय ७८ व्यावसायिक फार्मलाई कारबाही गर्ने सूचना जारी गरेपछि २० व्यावसायिक फार्मले कर बुझाएका छन् । कार्यालयबाट उपलब्ध तथ्याङ्क विवरणमा सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलनमा वृद्धि भएको जनाएको छ । प्राप्त विवरणमा अघिल्लो आर्थिक वर्ष रु तीन अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु तीन अर्ब ४४ करोड सङ्कलन भएको थियो।

त्यस्तै गत आर्थिक वर्ष २०८०/८१ मा रु चार अर्ब ४६ करोड ६३ लाख राजस्व सङ्कलन भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा करिब ११ प्रतिशतले राजस्व वृद्धि भएको कार्यालयले जनाएको छ।

गत आर्थिक वर्ष सो कार्यालयले लिएको लक्ष्यअन्तर्गत आयकरबापत रु एक अर्ब ४५ करोड ४७ लाख, घरभाडाबापत रु छ करोड ३५ लाख ६६ हजार, ब्याजकरबापत रु ११ करोड ११ लाख २२ हजार, मूल्यअभिवृद्धिकरबापत रु एक अर्ब ३० करोड १५ लाख ५५ हजार, अन्तशुल्कबापत रु एक अर्व ५३ करोड ४२ लाख ८७ हजार, स्वास्थ्यकरबापत रु ११ लाख तीन हजार र शिक्षाकरवापत रु ४९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको थियो।

प्राप्त विवरणमा गत आव ०८०/८१ मा आयकरबापत रु एक अर्ब १९ करोड ३८ लाख ७१ हजार, घरभाडाबापत रु तीन करोड ५० लाख २२ हजार, ब्याजकरबापत रु सात करोड २० लाख ७४ हजार, मूल्यअभिवृद्धिकरबापत रु ९७ करोड ७८ लाख ६२ लाख, अन्तशुल्ककरबापत रु एक अर्ब ५४ करोड ६६ लाख २१ हजार, स्वास्थ्यकरवापत रु १५ लाख ३१ हजार, शिक्षाकरबापत रु एक लाख ६८ हजार तथा अन्यकरबापत रु १२ लाख २६ हजार गरी कुल रु तीन अर्ब ८२ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन भएको थियो ।रासस

# नेपाल पूर्वतयारी साझेदारी कार्यक्रमको तेस्रो चरणको कार्यक्रम कार्यान्वयन सुरु

काठमाण्डु । विपद् व्यवस्थापन र प्रतिकार्यसम्बन्धी संस्थागत संरचना, नीतिगत व्यवस्था र तीनै तहका सरकार एवं निजी क्षेत्रबीचको सहकार्यमा नेपालले धेरै कार्यहरु गर्न सकेको र यसलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेमा जोड दिइएको छ ।




गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजना एवं राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र (एनडिआरसी)ले आइतबार आयोजना गरेको नेपाल पूर्वतयारी साझेदारी राष्ट्रिय परामर्श कार्यशालामा सहभागी वक्ताहरुले सो धारणा राख्नुभएको हो ।सो अवसरमा एसियाली विपद् पूर्वतयारी केन्द्र (एडिपिसी) को सहयोगमा गृह मन्त्रालय र एनडिआरसीद्वारा सञ्चालित 'नेपाल पूर्वतयारी साझेदारी कार्यक्रम' को दोस्रो चरणको समीक्षा गरिनाका साथै तेस्रो चरणको प्राथमिकता र कार्यक्रमका बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रमको पहिलो चरण सन् २०१७ देखि २०२० सम्म, दोस्रो चरण सन् २०२० देखि २०२२ सम्म कार्यान्वयनमा आएको थियो भने तेस्रो चरण सन् २०२४ देखि २०२६ सम्म सञ्चालन हुनेछ । कार्यक्रमको तेस्रो चरणमा विपद् व्यवस्थापन र उत्थानशीलतामा स्थानीय तहलाई अझ बढी सबल र सक्षम बनाउने, पूर्वतयारी प्रणालीलाई अझ सशक्त र सुदृढ तुल्याउने, समुदाय खासगरी महिलाको सीप, क्षमता र ज्ञानलाई प्रभावकारी रुपमा उपयोगमा ल्याउने तथा विपद् व्यवस्थापनसँग सम्बन्धित जति पनि योजना, नीति र कार्यक्रमहरु छन् । तिनको पुनरावलोकन गर्ने र कार्यान्वयनमा लैजान सहजीकरण गर्नेलगायत विषयलाई समेटिएको एनडिआरसीका सुरेश थापाले जानकारी दिनुभयो ।

कार्यशालामा गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव भीष्मकुमार भुसाल र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव वसन्त अधिकारीले नेपाल प्राकृतिक विपद्को हिसाबले उच्च जोखिममा रहेकाले सरकारले विपद् व्यवस्थापन, प्रतिकार्य र पुनःस्थापनका कामलाई प्रमुख प्राथमिकतामा राखेको उल्लेख गर्दै नेपाल पूर्वतयारी साझेदारी कार्यक्रमको तेस्रो चरणको कार्यान्वयनबाट आगामी दिनमा यस क्षेत्रमा उल्लेखनीय सुधार आउने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा एडिपिसीका सलिनी कुँवर र एनडिआरसीका कार्यकारी निर्देशक श्यामसुन्दर ज्ञवालीले नेपाल साझेदारी कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो । प्राधिकरणका उपसचिव सन्ध्या सिग्देलले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) र अर्का उपसचिव गोमा चेम्जोङले नेपालमा विपद्को अवस्था र सरोकारवालाहरुको सहभागिताका बारेमा प्रस्तुति दिनुभएको थियो ।

साथै, निजी क्षेत्रका तर्फबाट चौधरी फाउन्डेसनका मेरिना रञ्जित र नेपाल उद्योग वाणिज्य महासङ्घका भक्तबहादुर हमाल तथा गैरसरकारी संस्थाका तर्फबाट एनडिआरनेटका अध्यक्ष डा नहकुल सुवेदी र डिपिनेटका अध्यक्ष डा राजु थापाले पनि विपद् व्यवस्थापनमा निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको भूमिका र योगदानका बारेमा चर्चा गर्नुभएको थियो ।रासस

# आठ वर्षमा आधा घट्यो विद्युत् चुहावट, हरेक वर्ष १२ अर्ब थप आम्दानी

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले पछिल्लो आठ वर्षमा प्रसारण तथा वितरण प्रणालीमार्फत भइरहेको विद्युत् चुहावटलाई आधा घटाएको छ ।




आर्थिक वर्ष २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गत आव २०८०/८१ मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ । विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ तीन दशमलव ३३ प्रतिशत र वितरणतर्फ नौ दशमलव ४० प्रतिशत रहेको छ। आठ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो।

विद्युत् चुहावटलाई आव २०७३/७४ मा २२ दशमलव ९० प्रतिशत, २०७४/७५ मा २० दशमलव ४५ प्रतिशत, २०७५/७६ मा १५ दशमलव ३२ प्रतिशत र २०७६/७७ मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो । आव २०७७/७८ मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो । त्यसपछि चुहावटलाई आव २०७८/७९ मा १५ दशमलव ३८ र आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर आठ वर्षको अवधिमा चुहावट नियन्त्रणमा सफलता हासिल गरेको बताउनुभयो । कार्यकारी निर्देशक घिसिङले 'लोडसेडिङ' अन्त्य भई नियमित विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो ।

"प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रुपमा अर्बौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैह्रप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रुपमा घटी यो अनुपात छिमेकी देशहरुभन्दा कम भएको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब रु १२ अर्ब थप आम्दानी भएको छ । नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेको प्राधिकरणको भनाइ छ । अब चुहावटलाई एकल अङ्क (सिङ्गल डिजिट)मा झार्ने लक्ष्य राखेर काम अगाडि बढाइएको छ ।

आर्थिक वर्ष २०७२/७३ मा रु आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरणले आव ०७३/७४ मा रु एक अर्ब ५० करोड खुद नाफा कमाएको थियो । त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गत आवमा रु १३ अर्ब ३१ करोड (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ । आठ वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा रु ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुगेको छ ।ठूला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायतका कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो ।

घिसिङले वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताउनुभयो । प्राधिकरणले गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रुपमा चलाइरहेको छ। प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रहरुलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार क्रियाकलापहरु सञ्चालन गरिरहेको जनाएको छ ।रासस

**घर भाडामा**

जनकपुरधाम उपमहानगरपालिका वार्ड नं. १८ देखि बहुअर्वा जाने मुख्य सडकसँग जोडिएको ५ कठ्ठा १० धुर जग्गाको कमाउण्ड भित्र बनेको १२ कोठा, गार्ड रुम, पार्किंग सुबिधा भएको भवन विद्यालय, नर्सिंग होम, सरकारी कार्यालय, संघसंस्थाहरुका लागि अत्यन्त उपयोगी रहेकोले भाडामा लिन चाहने इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नु होला ।


**सम्पर्क**
**चन्द्रशेखर जयसवाल**
**मो.नं. ९८१७८६६८५**
**९७४४१०६०५५**

## तपाईंको आज
पण्डित : बम जी

मेष : वाद विवादबाट बच्नु ।
बृष : पुरस्कार प्राप्त लाभ ।
मिथून : नयाँ कार्य हुने ।
कर्कट : बौद्धिक क्षमता ।
सिंह : प्रतिभा सम्पन्नता ।
कन्या : शिक्षामा उन्नति ।
तुला : पारिवाहिक सुख ।
बृश्चिक : धन वृद्धि सञ्चय ।
धनु : प्रेम प्रसंग, मित्र सुख ।
मकर : सुख समृद्धि हुने ।
कुम्भ : भ्रमण अवसर हुने ।
मीन : अवसर प्राप्त ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

## जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

## राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



मधेश प्रदेश सरकारले संचालनमा ल्याएको बेटी पढाउ बेटी बचाउ योजना अन्तरगत वितरणका लागि खरिद गरिएको हजारौ साईकल मधेश भवनकै एक स्टोरमा अलपत्र अवस्थामा , करोडौको साईकल खरानी बन्दै गर्दा मुख्यमन्त्री कार्यालयदेखि शिक्षा मन्त्रालयसम्म कसैलाई मतलब छैन । *तस्बिरः प्रमोद कुमार साह*

# स्वास्थ्य चौकी भवनको उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिकामा तीनवटा आधार भुत स्वास्थ्य चौकी भवनको उद्घाटन गरिएको छ।

जिल्लाको राजपुर नगरपालिकाका मेयर डा. राजिक आलमले वडा न. १,२ र ८ मा नवनिर्मित आधारभुत स्वास्थ्य चौकी भवनको उद्घाटन गरेका छन। भवनको उद्घाटन गर्दै मेयर आलमले भने स्वास्थ्य क्षेत्रमा नगरवासीलाई कुनै समस्या नहुन दिनका लागि वडा वडामा आधार भुत स्वास्थ्य चौकी भवनको निर्माण गरिएको बताए।

आफुले चुनावको बेला जनतासंग गरेको वाचा पूरा गर्न पाउँदा हर्षित भएको छु , सो स्वास्थ्य चौकीबाट प्रवाह हुने सम्पुर्ण सेवा सुविधाहरु गुणस्तरीय हुने मेयर आलमले बताए।



भौतिक पुर्वाधारले मात्रै विकास नहुने हुँदा मानिसको स्वास्थ्य, शिक्षा साथै निरोगी भएर बाँच्न पाउनुपर्ने अधिकारलाई समेत मध्यनजर गर्दै आफुले हरेक वडामा प्रस्तुति गृह, सुरक्षित गर्भपतन, मातृ शिशु सेवा, सुरक्षित मातृत्वसहितको सेवा उपलब्ध गराइ नगरवासीको सहज स्वास्थ्य पहुँच पुगोस भन्ने उद्देश्यले स्थापना भएको आधारभुत स्वास्थ्य चौकीमा कुनै किसिमको स्वास्थ्य सामाग्री, औषधि उपचारको अभाव हुन नदिने मेयर आलमले प्रतिवद्धता व्यक्त गरे । मेयर डा. राजीक आलम, नगर उपप्रमुख जमिला असगरी, वडा न. १ का वडा अध्यक्ष शेख अमिरुल्लाह, वडा न. २ का वडाध्यक्ष सोनेलाल पंडित, वडा न.८ का शेख शोयब, निमित्त प्रमुख प्रशासकीय अधिकृत खुर्सैद आलम, शाखा अधिकृत बैजु ठाकुर, स्वास्थ्य शाखा संयोजक खुर्शीद अहमद,मो.रिजवान आलम, हरेन्द्र साह लगायत बुद्धिजीवी, सामाजसेवी, भरभालादमीहरु समेत सहभागिता थिए।

# सुविधासम्पन्न स्नायु रोग केन्द्र बनाउने स्वास्थ्यमन्त्री पौडेलको प्रतिबद्धता

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले राजधानीमा सुविधासम्पन्न स्नायु रोग उपचार केन्द्र स्थापना गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

आइतबार मन्त्रालयमा स्वास्थ्य क्षेत्र सुधारका प्राथमिकता र कार्ययोजना सार्वजनिक गर्दै उहाँले यथाशिघ्र केन्द्र स्थापनाका लागि पहल गरिने बताउनुभयो ।



मन्त्री पौडेलले वाग्मती बाहेकका अन्य ६ प्रदेशमा सहिद गङ्गालाल हृदय केन्द्रको समन्वयमा मुटु रोग उपचारको सेवा विस्तार, सातै प्रदेशमा क्यान्सर रोग उपचार सेवा विस्तार गरिने बताउनुभयो ।

उहाँले वैदेशिक रोजगारीमा जाने र गएका नेपाली नागरिकको मृत्युदर घटाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँगको सहकार्यमा वैदेशिक रोजगारीमा जाने नागरिकको स्वास्थ्य परीक्षणलाई प्रभावकारी बनाइने योजना रहेको बताउनुभयो ।मन्त्री पौडेलले बीमा सेवा सुधार गर्नका लागि आवश्यक रणनीतिले ल्याइने बताउनुभयो ।

उहाँले भन्नुयो, “स्वास्थ्य बीमाको हालको दायरा कम्तीमा पाँच लाख बनाउने गरी फराकिलो बनाउने, सेवालाई गुणस्तरीय र सेवा प्रवाह प्रक्रिया सहज बनाउन, आबद्धतालाई द्रुत गतिमा बढाउन र स्वास्थ्य बीमाको नीतिगत र कानूनी व्यवस्थामा आवश्यक पुनरावलोकन गरिने बताउनुभयो ।”

उहाँले नसर्ने रोगको भार बढेको उल्लेख गर्दै मन्त्रालयमा नसर्ने रोग र मानसिक स्वास्थ्य हेर्ने छुट्टै इकाइ स्थापना गरिने बताउनुभयो । उहाँले आयुर्वेद र वैकल्पिक चिकित्सा, उपचारात्मक सेवा विस्तार र विकास, औषधि, गुणस्तर र नियमन, पोषण, स्वास्थ्य जनशक्तिको व्यवस्थापनका लागि एकीकृत स्वास्थ्य सेवा ऐनको तर्जुमा गरिनेलगायतका विषयमा आफ्ना कार्ययोजनाहरु प्रस्तुत गर्नुभयो ।“स्वास्थ्य क्षेत्रका विज्ञहरुसँग छलफलपछि मैले प्राथमिकता छुट्याएको हुँ । यी विषयलाई कार्यान्वयनको प्रतिबद्धता जनाउँछु”, मन्त्री पौडेलले भन्नुभयो ।रासस

# समस्या समाधानको कार्ययोजना पेस गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले तारा गाउँविकास समितिका सम्बन्धमा देखिएका समस्या एवं समाधानका उपायसहितको कार्ययोजना यथाशीघ्र पेस गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिले आइतबार तारा गाउँविकास समिति र तारागाउँ रिजेन्सी होटल लिमिटेडका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र तारागाउँ विकास समितिसँग छलफलपछि उक्त समितिका नाममा रहेको चलअचल सम्पत्तिको विवरण तथा सम्पत्तिको सञ्चालन तथा सदुपयोग हुनेगरी कार्ययोजना बनाई समितिमा पेस गर्न निर्देशन दिइएको हो ।“तारा गाउँविकास समिति र तारागाउँ रिजेन्सी होटलबीच भएको सम्झौतालाई समयानुकूल संशोधनमार्फत राज्यको हितमा हुनेगरी कार्यान्वयन गर्न कार्ययोजना बनाई समितिमा यथाशीघ्र पेस गर्न निर्देशन दिइएको छ”, समितिको निर्णयमा भनिएको छ।





पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समितिअन्तर्गत सञ्चालन भएका सम्पूर्ण होटल तथा रिसोर्टको यथास्थितिबारे जानकारी गराउन माग गर्नुभयो । “तारागाउँ विकास समितिका सम्बन्धमा विगतदेखि नै ठूलो विवाद भइआएको छ । सरकारले विवादको दीर्घकालीन समाधानसहित स्पष्ट दृष्टिकोण बनाउन आवश्यक छ”, उहाँले भन्नुभयो, “समिति र अख्तियारबीच सो सम्बन्धमा फरक धारणा भए पनि सरकारले टुङ्गोमा पुऱ्याउनेगरी काम गर्नुपर्छ।

”संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले तारागाउँ रिजेन्सी होटल लिमिटेडले गैरकानुनी ढङ्गले राज्यलाई क्षति पुऱ्याउने गरी काम गरेको देखिएको बताउनुभयो । उहाँले अख्तियार र मन्त्रालयबीचको तादम्यता नमिल्दा विगतका विभिन्न समितिले दिएका निर्देशन कार्यान्वयन गर्न समस्या भएको जानकारी गराउनुभयो ।

समितिका सदस्य नारायणप्रकाश साउदले समस्या समाधान हुने गरी काम अगाडि बढाउन सुझाव दिँदै समस्या समाधान गर्नेगरी कार्ययोजना ल्याउन आवश्यक रहेको बताउनुभयो । अर्का सदस्य भीमप्रसाद आचार्यले तारागाउँ विकास समितिका नाममा भएको जग्गा हड्प्ने कार्य भएको देखिएको उल्लेख गर्दै कार्ययोजना ल्याउनुपर्नेमा सहमति जनाउनुभयो।

तारागाउँ विकास समितिका अध्यक्ष सुरेश जोशीले समस्या समाधान समिति एक्लैले गर्न नसक्ने उल्लेख गर्दै सरकारको साथ आवश्यक भएको बताउनुभयो ।सो अवसरमा तारागाउँ रिजेन्सी होटल लिमिटेडमा तारागाउँ विकास समितिको शेयर संरचना, लगानी र प्रतिफल, विभिन्न समयमा गठित समितिका सुझावका विषयमा सांसदहरुले छलफल गर्नुभएको थियो ।रासस

# श्रम आप्रवासन नीतिको मस्यौदा हस्तान्तरण

काठमाण्डु । श्रम आप्रवासन नीतिको मस्यौदा तयार गर्न गठित विज्ञ टोलीले तयार पारेको मस्यौदा सरकारलाई बुझाएको छ।

आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा विज्ञ टोलीका संयोजक डा गणेश गुरुङले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद्सिंह भण्डारीलाई मस्यौदा हस्तान्तरण गर्नुभएको हो।

मन्त्री भण्डारीले राष्ट्रिय आप्रवासन नीति निर्माणका लागि मस्यौदा प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले समग्र श्रम आप्रवासन क्षेत्रको समस्या र चुनौती पहिचान गर्दै तयार पारिएको मस्यौदालाई सरकारी नीतिका रुपमा कार्यान्वयनमा ल्याउने बताउनुभयो ।उहाँले



आप्रवासी नीतिले भइरहेको व्यवस्था र प्रणालीलाई व्यवस्थित एवं मर्यादित बनाउने, आप्रवासी श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउने र विश्व बजारको मागअनुसार श्रम जनशक्ति उत्पादनलाई प्राथमिकता दिने बताउनुभयो।

“दिनहुँ हजारौँ मान्छे वैदेशिक रोजगारमा गइरहेका छन्, हामीले भाषण र दोषारोपन गरेर यो रोकिने अवस्था छैन। रोजगारीको विकल्प रोजगारी नै हो”, उहाँले भन्नुभयो, “नेपाली आप्रवासी श्रमिकको उचित श्रम मूल्य र मूल्याङ्कन हुनुपर्छ त्यसका लागि अब बन्ने आप्रवासी नीति र सरकारको परराष्ट्र नीतिमा हामीले ध्यान केन्द्रित गर्नु आवश्यक छ।”

डा गुरुङको संयोजकत्वमा गठित टोलीले नौ महिना लगाएर उक्त मस्यौदा तयार गरेको हो। मस्यौदामा छ वटा नीति, २४ वटा रणनीति र रणनीति सम्बोधनका लागि एक सय १३ वटा कार्यविधि राखिएको संयोजक गुरुङले जानकारी दिनुभयो। सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिको दूरदुष्टिसहित राष्ट्रिय नीतिको मस्यौदा तयार गरिएको डा गुरुङको भनाइ छ।

“अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरुप सुसूचीत, सीपयुक्त, प्रतिस्पर्धी र व्यावसायिक श्रमशक्तिका विकासद्वारा श्रम आप्रवासनलाई स्वदेशमै स्वरोजगार बनाइ बाध्यकारी श्रमको अन्त्य गर्नु यसको उदेश्य हो”, डा गुरुङले भन्नुभयो। मस्यौदामा श्रम आप्रवासन व्यवस्थापन सुशासन कायम गर्ने र श्रम आप्रवासनसम्बन्धित सूचना र सेवामा सबैको पहुँच विस्तार गर्ने नीति छ। आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने एवं लैङ्गिकताका कारण हुनसक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने नीति समावेश गरिएको छ।

मस्यौदामा आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखी गन्तव्य मुलुकको श्रमबजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सीप, दक्षताको पहिचान गर्ने उल्लेख छ। यस्तै श्रम आप्रवासनबाट फर्किएका श्रमिकको दिगो र सम्मानजनक पुनःएकीकरण गर्दै सामाजिक सुरक्षा सुनिश्चित गर्नेदेखि राष्ट्रियहित र आवश्यकताअनुरुप देशमा कार्यरत विदेशी श्रमिकको नियमन तथा व्यवस्थापन गर्ने मस्यौदामा समावेश छ। मन्त्रालयले उक्त समस्यौदामाथि थप सुझावका लागि आफनो वेबसाइटमार्फत सार्वजनिक गर्ने जनाएको छ।रासस

# उद्योगमन्त्री भण्डारीद्वारा कोलकत्ता पोर्टको अवलोकन

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कोलकत्ता पोर्टको अवलोकन गर्नुभएको छ। अवलोकनका क्रममा उहाँले पोर्टका अध्यक्ष रथेन्द्र रमन



लगायतका उच्च अधिकारीहरुसँग नेपालको पारवहन व्यापार प्रक्रिया सहजीकरण तथा लागत कम गर्ने विषयमा छलफल गर्नुभएको थियो।

अवलोकन भ्रमणका क्रममा मन्त्रीभण्डारीलेभूपरिवेष्टितमुलुकले प्राप्त गर्ने व्यापार सौविध्यता, पारवहन व्यापार सबलीकरण, ‘ट्रान्ससिपमेन्ट मोडालिटी’, भण्डारण जाचँपासलगायतका विषयमा जानकारी लिनुभयो।

नेपालका तर्फबाट पारवहन लागत कम गर्ने विषयमा राखेको मन्त्री भण्डारीको जिज्ञासामा त्यहाँका प्रतिनिधिले चीनबाट हल्दिया र कोलकत्तामा सिधा कार्गो जहाजको व्यवस्था गरिएकाले सिङ्गापुरमा गरिने ट्रान्ससिपमेन्ट लागत कम भई सम्पूर्ण लागत नै घट्ने जानकारी दिएका छन्।

पारवहन लागतको १० प्रतिशत मात्रै पोर्ट लागत भएकाले थप सहुलियत दिन सकिने पोर्टका अधिकारीहरुले बताएको मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले जानकारी दिनुभयो । नेपाली महावाणिज्य दूतावास एवं नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको समन्वयमा छलफल भएको थियो।


अवलोकन भ्रमणमा कोलकत्तास्थित महावाणिज्य दूतावासका पदाधिकारी लगायतको उपस्थिति थियो। तेस्रो मुलुकसँगको व्यापारमा देखिएका प्रक्रियागत समस्या, आयातकर्ता र निर्यातकर्ताका समस्याका विषयमा जानकारी लिई कोलकत्तास्थित महावाणिज्य दूतावास तथा गोदाम कम्पनी लिमिटेडलाई सहजीकरण गरी परिणाममुखी भएर काम गर्न मन्त्री भण्डारीले निर्देशन दिनुभयो।रासस

# उपचार अभावमा सहकारी पीडितको मृत्यू भएकोमा महतोद्वारा सरकारको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । सहकारी पीडितको उपचार अभावमा मृत्यू भएका प्रति राष्ट्रिय मुक्ति क्रान्तिले सरकारको ध्यानाकर्षण गराएको छ। क्रान्तिका संयोजक राजेन्द्र महतोले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै सहकारी पीडित काठमाडौं शंखमुल बस्ने राजेन्द्र स्थापितको मृत्यूप्रति दुःख व्यक्त गर्दै सरकारको ध्यानाकर्षण गराएको हो।

रकम अभावले गर्दा उपचारको क्रममा स्थापितको साउन २६ गते शनिबार वीर अस्पतालमा निधन भएको थियो। स्थापित काठमाडौंको न्युरोडस्थित युवा बचत तथा ऋण बहुउदेश्यीय सहकारीमा करिब १ करोड ३६ लाख रुपैंया बचत गरेर राखेका छन् । तर उक्त सहकारीले स्थापितको रकम ठगी गरि समयमा पैसा नदिदाँ स्थापितले अस्पताललाई ५ लाख रुपैंया तिर्न नसक्दा उनको निधन भएको थियो।



राष्ट्रिय मुक्ति क्रान्ति
National Liberation Revolution
केन्द्रिय कार्यालय, काठमाण्डौ
स्था: २०८०

प.स.
च.न.

मिति:- २०८१/०४/२७

प्रेस विज्ञप्ति

काठमाडौं महानगरपालिका-३१ शंखमुल बस्ने राजेन्द्र स्थापितको वीर अस्पतालमा २०८१ श्रावण २६ गते शनिबारको दिन भएको असामयिक निधनले हामीलाई अत्यन्तै दु:खी तुल्याएको छ । निजले काठमाडौंको न्युरोडस्थित युवा बचत तथा ऋण बहुउद्देश्यीय सहकारीमा करोडौं रुपैयाँ बचत जम्मा गरेर राखेको भएपनि समयमै सहकारीबाट पैसा नपाउँदा रकम अभावकै कारणले मृत्युवरण गर्नुपरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

सञ्चारमाध्यमहरुमा प्रकाशित समाचार अनुसार निजले उक्त सहकारीमा १ करोड ३६ लाख रुपैया बचत गरि राखेकोमा सहकारीले ठगी गरेको र आफ्नै बचतको पैसा फिर्ता नदिदा पैसाकै अभावमा देशको एकजना सचेत नागरिकले मृत्युवरण गर्नु परेको घटना अत्यन्त दुर्भाग्यपूर्ण रहेको छ । यस घटनामा निज मृतकले रकम बचत राखेको सहकारी र अस्पतालको समेत त्रुटी देखिन्छ । तसर्थ यसको सुक्ष्म अनुसन्धान गरि दोषीमाथि अविलम्ब कडा भन्दा कडा कारवाहीको लागि सरकार सँग माग गर्दछौं । साथै देशैभरीका बचतकर्ताहरुको पैसा यसरी ठगी गर्ने सहकारी संस्थाहरुलाइ अविलम्ब कार्यवाहीको दायरामा ल्याउन तथा सहकारीमा बचत गरेका जनताको पैसा पुर्ण सुरक्षाको प्रत्याभूत गराउन सरकार संग माग गर्दछौं ।

साथै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै निजको परिवारजनलाई इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि कामना गर्दछौं ।


राजेन्द्र महतो
संयोजक

महतोले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ,(‘करोडौं रुपैयाँ बचत जम्मा गरेर राखेको भएपनि समयमै सहकारीबाट पैसा नपाउँदा रकम अभवकै कारणले स्थापितले मृत्युवरण गर्नुपरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । आफ्नै बचतको पैसा फिर्ता नदिदा पैसाकै अभावमा देशको एकजना सचेत नागरिकले मृत्युवरण गर्नु परेको छटना अत्यन्त दुर्भाग्यपूर्ण रहेको र छटनामा निज मृतकले रकम बचत राखेको सहकारी र अस्पतालको समेत त्रुटी देखिन्छ। तसर्थ यसको सुक्ष्म अनुसन्धान गरि दोषीमाथि अविलम्ब कडा भन्दा कडा कारवाहीको लागि सरकार सँग माग गर्दछौं । साथै देशैभरीका बचतकर्ताहरुको पैसा असुरक्षित हुँदै गएको परिस्थिति निर्माण हुँदै गइरहेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यसरी ठगी गर्ने सहकारी संचालकहरुलाइ अविलम्ब कारवाहीको दायरामा ल्याउन तथा सहकारीमा बचत गरेका जनताको पैसा पुर्ण सुरक्षाको प्रत्याभूत गर्न सरकार संग माग गर्दछौं।’

**सेवा निवृत्त कर्मचारी परिषद**
**जनकपुरधामको**
**सधारण सभा स्थगित सम्बन्धी सूचना**

सेवा निवृत कर्मचारी परिषदको १७(सत्रहौ) सधारण सभा यहि २०८१ भाद्र १ गते शनिवार बिहान ८ बजे देखि श्री सीतामाता सेवा सदन (पगलाबाबा धर्मशाला)को सभाकक्षमा हुने भनी जनकपुर टुडे पत्रिकाको २०८१ साउन १९, २० र २१ गतेको अंकमा प्रकाशित भएकोमा विशेष परिस्थितिवस अर्को सुचना प्रकाशित नहुञ्जेल सम्मका लागि सधारण सभा स्थगित गरिएको सम्पूर्ण सदस्य महानुभावहरुलाई जानकारी गराइन्छ ।

**रामचरित्र ठाकुर**
अध्यक्ष




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

## पवित्र कार्यका लागि कथा वाचन

महोत्तरी जिल्लाको बर्दिवास व्यवसायिक रुपमा मात्र नभइ सामाजिक, धार्मिक, शिक्षण क्षेत्रमा समेत विशिष्ट पहिचान बनाउन लागेको छ । बर्दिवासमा मेडिकल कलेज प्रस्तावित छ । त्यस अतिरिक्त पनि राम्रा विद्यालय, प्राविधिक शिक्षालयहरु रहेका छन् । व्यवसायिक क्षेत्रमा बर्दिवासले ठूलो फड्को मारेको छ । मधेश प्रदेशमा सबैभन्दा चाँडो प्रगति भइरहेको व्यवसायिक केन्द्र बर्दिवासलाई भारतको जयनगर रेल्वे स्टेशनसित जोड्न रेलमार्गको कार्य प्रगतिमा छ । पूर्व-पश्चिम राजमार्गको केन्द्रमा रहेको बर्दिवासबाट राजधानी काठमाण्डु पनि सोझो सम्पर्कमा रहेको छ । त्यसले बर्दिवासको आर्थिक गतिविधिलाई तीब्र रुपमा अगाडि बढाएको छ । समिश्रित बसोबास र संस्कृतिले सकारात्मक कार्यका लागि प्रेरित पनि गरिरहेको छ । बर्दिवासमा कयौं प्रदेशस्तरीय कार्यालयहरु छन् । बर्दिवास हरेक क्षेत्रको हबको रुपमा विकसित हुन सक्ने प्रचुर सम्भावना रहेको छ । पछिल्लो पटक बर्दिवासवासीहरुले अनाथ, असहायहरुलाई आश्रय दिन मायाको घर निर्माण गर्न थालेका छन् । मायाको घर बनाउने अभियान चलाइएको छ । सडकलगायत विभिन्न स्थानहरुमा लावारिश अवस्थामा रहने मानवलाई मायाको घरमा आश्रय दिने छ । त्यसका लागि शिवपुराण कथा लगाइएको छ । शिवपुराण कथा श्रवण गर्ने श्रद्धालुहरुले मायाको घरका लागि गच्छेअनुसार दान गरिरहेका छन् । तीन करोडको लागतमा निर्माण गर्न लागिएको मायाको घरका लागि कथा वाचनबाट झण्डै एक करोडको हाराहारीमा रकम संकलन हुने विश्वास गरिएको छ । धनुषा, महोत्तरी, सर्लाही, सिन्धुलीलगायतका जिल्लाबाट मनकारीहरुले मायाको घरका लागि सहयोग गरिरहेका छन् । बर्दिवासमा अनाथ रुपमा रहनेहरुको संख्या यकिन छैन । तर मुख्य राजमार्गको प्रमुख व्यवसायिक केन्द्र रहेकाले पनि त्यहाँ अनाथहरु पुग्ने गर्छन् । हुन त अचेल विदेशिने संस्कृतिले पनि थुप्रै बुवाआमाहरुलाई मायाको घर आवश्यक भएको छ । अमेरिका, क्यानाडा, अष्ट्रेलिया, इंग्लैण्ड लगायतका देशमा बस्ने सन्तानलाई नेपालमा रहेका आमाबुवालाई भेट्न आउने अथवा वृद्धाअवस्थामा सेवा गर्ने समयाभाव हुन्छ । ठूला घर, पर्याप्त सम्पत्ति भए पनि एक्लोपनमा जीवन काट्न अत्यन्त कठिन हुन्छ । त्यसकारण पनि मायाको घर आवश्यक छ । हुन त त्यसका लगि वृद्धा आश्रम स्थापनाको क्रम पनि बढेको छ । सामाजिक सेवाभावका साथ बर्दिवासवासीहरुले स्थापना गर्न लागेका मायाको घर निर्माणमा मनकारीहरुले सहयोग गर्नु उपयुक्त देखिन्छ । सबैभन्दा ठूलो सेवा नै मानव सेवालाई मानिन्छ । मायाको घर निर्माण र सञ्चालनमा गरिने सहयोगबाट ठूलो मानव सेवा हुनेछ । बर्दिवासवासीको यो पवित्र अभियानमा सबैको सहयोग र सद्भाव आवश्यक छ ।

# ओलम्पिकमा नेपालको सहभागिता, सहभागितामै सीमित



राजु सिलवाल

फ्रान्सको राजधानी पेरिसमा आयोजित ३३ औँ गृष्मकालीन ओलम्पिकमा नेपालको प्रतिस्पर्धाको समाप्तिसँगै नेपाली खेलाडीहरुको खेल प्रदर्शनको यथोचित समीक्षा हुनु आवश्यक भएको महसुस गरिएको छ । गत साउन ११ गते सुरु भएको पेरिस ओलम्पिकका प्रतियोगिता आजसम्म सञ्चालन गरिएको थियो । ओलम्पिकमा नेपालले हासिल गरेको नतिजासँगै मुलुकको प्रतिष्ठा पनि गाँसिएकाले यस्ता विषयलाई नेपाल सरकारले प्राथमिकतामा दिनुपर्ने देखिन्छ ।

ओलम्पिकमा सहभागी खेलाडीहरुका साथै प्रशिक्षक, खेल पदाधिकारीलगायत नेपालको प्रतिनिधित्व गर्ने सबैले आगामी ओलम्पिकमा यसपटकको जस्तो नतिजा नदोहरियोस् भनी तत्काल प्रतिबद्धता व्यक्त व्यक्त गर्नाका साथै यथोचित पहल गर्नु जरुरी मानिएको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुद मन्त्रालयको बहाली गर्नु भएलगत्तै ओलम्पिकको उद्घाटन समारोहमा सरिक हुनाका साथै केही नेपाली खेलाडीको खेल हेर्ने अवसर पाउनु भएको थियो । उहाँले पेरिसमा देख्नुभएको प्रत्यक्ष अवस्थाका साथै ओलम्पिकमा पदक प्राप्तिका लागि कस्तो पहल आवश्यक हुँदोरहेछ भन्ने अनुभवको आधारमा आगामी ओलम्पिकको लागि पदक लक्षित कार्ययोजना बनाउन जोड दिनुहुने अपेक्षा गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले ओलम्पिकमा नेपालको प्रदर्शनबारे अध्ययन गर्ने कार्यदल गठन गर्ने भएको छ । पेरिस ओलम्पिकमा नेपाली खेल टोलीको सेभ दी मिसन रहनुभएका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले परिषद्को आगामी बोर्ड बैठकमा ओलम्पिकमा नेपाली खेलाडीहरुको प्रदर्शनसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नु हुने जानकारी दिनुभएको छ । पेरिस ओलम्पिकमा सहभागी भएका सातमध्ये छजना नेपाली खेलाडीको खेल प्रदर्शन प्रत्यक्ष अवलोकन गर्नुभएका सदस्यसचिव घिसिङले दीर्घकालीन प्रशिक्षण योजना बिना नेपालले ओलम्पिकमा पदक प्राप्त गर्न नसक्ने धारणा व्यक्त गर्नुभयो । कम्तीमा एउटा ओलम्पिक समाप्त भइसकेपछि अर्को ओलम्पिकलाई लक्षित गरेर प्रशिक्षण सञ्चालन गर्नसके मात्र पनि आगामी ओलम्पिकमा सन्तोषजनक प्रदर्शन हुन सक्ने उहाँको अपेक्षा रहेको छ ।

नेपालमा सरकार परिवर्तनपिच्छे नेपालको खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीको परिवर्तन हुने, अघिल्ला पदाधिकारीले सञ्चालन गरेका खेल योजनालाई पछिल्ला पदाधिकारीले निरन्तरता नदिने प्रवृत्तिले पनि नेपालको खेल क्षेत्रलाई प्रत्यक्ष असर पारेको छ । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ २०६३ सालमा राष्ट्रिय खेलकुद परिषद्मा दोस्रोपटक सदस्यसचिव हुनुहुँदा ओलम्पिकको पदकलाई लक्षित गरी 'भिजन २०२०' योजना अघि सारिएको थियो । उक्त योजना अघि बढाउन परिषद्ले छुट्टै कार्यालय स्थापना गरी खेल विज्ञहरु समेत खटाएको थियो । तर त्यसपछि बहाली भएका सदस्य-सचिवहरुले त्यो योजनालाई निरन्तरता नदिंदा ओलम्पिकमा नेपालले औपचारिकताका लागि मात्र भाग लिने क्रमले निरन्तरता पाइरहेको छ ।

ओलम्पिक भनेको विश्वस्तरीय खेलकुद प्रतियोगिता हो । कुल एक हजार ३३ पदकका लागि लागि विश्वका दुई सय ६ राष्ट्रका १० हजारभन्दा बढी खेलाडीले विभिन्न ३२ खेलका तीन सय २९ इभेन्ट्समा प्रतिस्पर्धा गरेका थिए । यस्तो महत्वपूर्ण प्रतियोगितामा सानो लगानीले उचित प्रतिफल हासिल गर्न त्यति सजिलो छैन । सर्वप्रथम त ओलम्पिक नेपाल सरकारको प्राथमिकतामा छ कि छैन प्रस्ट हुन जरुरी छ । ओलम्पिकका लागि कति बजेट बिनियोजन गरिएको छ, यसबाट पनि नेपालको ओलम्पिकलाई प्राथमिकता प्रस्ट हुन सक्दछ ।

राष्ट्रिय खेलकुद परिषद्को बजेटको अधिकांश हिस्सा कर्मचारीको तलवमा खर्च हुने गरेको छ । स्वदेशभित्र प्रतियोगिताको आयोजनाको कमी तथा वैदेशिक सहभागिता घट्दो जस्ता कारणले नेपालको अन्तर्राष्ट्रिय पदक प्राप्तिमा कमी हुन गएको देखिएको छ । राष्ट्रिय खेलकुद परिषद्को मुलुकभरि विभिन्न जिल्लामा भौतिक सम्पत्ति जगेर्ना गर्न नसकिएको अवस्थामा भएता पनि सीमित खेलकुदका लागि समेत आवश्यक भौतिक पूर्वाधार पर्याप्त छैनन् ।

विगत ६० वर्षदेखि गृष्मकालीन ओलम्पिकमा भाग लिइरहेको नेपालले यसपालि पेरिस ओलम्पिकमा पनि उपलब्धिमूलक नतिजा हासिल गर्न सकेन । नेपालले यो ओलम्पिकमा विभिन्न छ खेलमा सात खेलाडी पठाएको थियो । नेपालले सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकदेखि ओलम्पिक प्रतियोगितामा भाग लिन सुरु गरेको थियो । तर प्रत्येक चार वर्षमा आउने ओलम्पिकमा भाग लिन टोली पठाउन नछुटाउने नेपालले नेपालभन्दा सानो अवस्थामा रहेका मुलुकले पदक हासिल गर्दा समेत पदकका लागि कुनै ठोस पहल नगर्नु चाहिँ निकै गम्भीर विषय हो ।

प्रतियोगिता आउनु केही समयअघि खेलाडीहरु जम्मा गरी गरिएको प्रशिक्षणले ओलम्पिक जस्तो प्रतिष्ठित प्रतियोगितामा पदक जित्न सकिँदैन भन्ने कुरामा नेपालका खेलकुद अधिकारीहरु अनभिज्ञ छैनन् । नेपालका कैयौँ खेलकुद पदाधिकारीहरु लामो समयदेखि खेल क्षेत्रमा संलग्न रहँदै आएका छन् तर सानैदेखि ओलम्पिक लक्षित खेलाडी तयार बनाउने कुरामा नेपाली खेल क्षेत्र पछि परिरहेको छ । यसपटक दक्षिण एसियाली मुलुक पाकिस्तानका ज्याभलिन थ्रोका खेलाडी अर्शद नदिमले आफ्नो मुलुकका लागि ४० वर्षपछि स्वर्ण पदक जिते । तर नेपाली खेल टोलीका लागि स्विमर अलेक्जेण्डर शाहको राष्ट्रिय कीर्तिमानबाहेक अन्य गौरव गर्ने विषय रहेन । नेपाललाई ओलम्पिकमा सहभागिताका लागि निमन्त्रणा प्राप्त हुनासाथ खेलाडी पठाउनुभन्दा विश्व मानचित्रमा नेपालको त्यो खेलको अवस्थाको मूल्याङ्कन गर्नु पनि जरुरी भएको छ ।

### पेरिस ओलम्पिकमा नेपालको प्रदर्शन

एथलेटिक्सतर्फ ओलम्पिकको अन्तिम दिन सम्पन्न महिला म्याराथुन दौडमा नेपालकी सन्तोष श्रेष्ठ भएकी ७९औँ भएकी छिन् । सन्तोषी श्रेष्ठले ४२.१९५ किलोमिटर दूरी दुई घण्टा ५५ मिनेट शून्य छ सेकेन्ड अवधिमा सम्पन्न गरेकी थिइन् । नेपालले हालसम्म भाग लिएका ओलम्पिकहरुमा सबैभन्दा धेरैपटक एथलेटिक्सका खेलाडीले सहभागी हुने अवसर पाएका छन् । सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकमा पहिलोपटक भाग लिँदा दुईजना म्याराथुन धावकलाई सहभागी गराएको थियो । त्यसपछि नेपाली एथलेटिक्स खेलाडीहरुले विभिन्न ओलम्पिकमा सहभागिता जनाएका छन् । नेपाली धावक बैकुण्ठ मानन्धर ओलम्पिकमा चारपटक भाग लिएका पहिलो नेपाली खेलाडी बन्न पुगे ।

### एथलेटिक्स

नेपालमा खेलिने आधुनिक खेलहरुमा एथलेटिक्स सबैभन्दा पुरानो खेल मानिएको छ । २००४ सालमै नेपाल एमेच्योर एथलेटिक्स सङ्घको स्थापना भइसकेको थियो । नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको पहिलो खेल पनि एथलेटिक्स नै थियो तर यति लामो इतिहास भएको एथलेटिक्समा ओलम्पिकमा हामी कुन अवस्थामा रहेछौँ भन्ने सन्देश पेरिस ओलम्पिकले दिएको छ ।

### टेबुल टेनिस

नेपालले यसपालि पहिलोपटक ओलम्पिकमा टेबुल टेनिसमा भाग लिएको थियो । अन्तर्राष्ट्रिय प्रतिस्पर्धा जितेर पेरिस ओलम्पिकमा सहभागी भएका खेलाडी श्यान्टु श्रेष्ठ प्रिलिमिनरी राउन्डको पुरुष सिङ्गल्समा सेनेगलका इब्राहिम डिउसँग ४-० को सोझो सेटमा पराजित भएका थिए । उनी १२-१०, ११-३, ११-४ र ११-५ ले हारेका थिए ।

तत्कालीन राणाशासनकालमै भित्रिएको टेबल टेनिस खेलमा नेपालले हालसम्म कति प्रगति गरेछ भन्ने ओलम्पिकको नतिजाले बताउँछ । २००७ सालमै गठन भएको अखिल नेपाल टेबल टेनिस सङ्घले वर्तमान अवस्थासम्म नेपालको खेलस्तर माथि उडाउन गरेको प्रयासको मूल्याङ्कन हुन जरुरी छ । नेपालले टेबल टेनिसमा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा भाग लिएको लामो समय भइसकेको छ । सन् १९५२ मा भारतको मुम्बईमा सम्पन्न विश्व टेनिस प्रतियोगितामा नेपालले भाग लिएको थियो । नेपालले सन् १९७५ मा पहिलोपटक अन्तराष्ट्रिय टेबल टेनिस प्रतियोगिता आयोजना गरेको थियो ।

### ब्याडमिन्टन

ओलम्पिकको ब्याडमिन्टनमा पनि पहिलोचोटि भाग लिएको नेपाल लिग चरणबाटै बाहिरिन पुग्यो । नेपाली खेलाडी प्रिन्स दाहालले लिगका कारण अन्य नेपाली खेलाडीले भन्दा धेरै खेलाडीसँग खेल्ने मौका पाएका थिए । उनी समूह चरणको तीनवटै खेलमा पराजित भएका थिए ।

विश्व वरियतामा १७२औँ स्थानमा रहेका प्रिन्स समूह चरणको अन्तिम खेलमा विश्व बरियतामा ५८औँ स्थानमा रहेका इजरायलका मिसा जिल्बरम्यानसँग २१-१२ र २१-१० को सोझो सेटमा पराजित गरेका थिए । प्रिन्स पहिलो खेलमा विश्व नम्बर दुई खेलाडी डेनमार्कका भिक्टर एक्सेल्सेनसँग २१-८ र २१-६ तथा दोस्रोमा विश्व वरियताको ४३ औं स्थानमा रहेका आयरल्यान्डका हात गुयेनसँग २१-७ र २१-५ को सोझो सेटमा पराजित भएका थिए ।

उनको साथमा नेपाली प्रशिक्षकको व्यवस्थापन गर्न नेपाली खेल टोली असफल भएपछि दुई खेलमा एलसाल्भाडोरका मार्टिनेज नवररेट्टे जोस पेड्रोले प्रिन्सको प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए भने अन्तिम खेलमा नेपाल ब्याडमिन्टन सङ्घका अध्यक्ष रामजीबहादुर प्रिन्सको प्रशिक्षकको भूमिकामा रहेका थिए । नेपालमा व्याटमिन्टन खेलको पनि इतिहास लामो छ । भारतमा अध्ययन गर्न गएका नेपाली छात्रहरुले राणाशासनकालमै नेपालमा ब्याडमिन्टन खेल भित्र्याएका थिए । २००८ सालमै नेपाल ब्याडमिन्टन सङ्घको स्थापना भइसकेको थियो ।

### जुडो

प्रतिस्पर्धाबाट ओलम्पिकमा सहभागी हुन पुगेकी नेपाली जुडो खेलाडी मनीता श्रेष्ठ प्रधान महिला ५७ केजीमुनि तौल समूहमा पराजित भएकी थिइन् । इलिमिनेसन राउन्ड अफ ३२ को प्रतिस्पर्धामा 'म्याट' मा एक मिनेट दुई सेकेन्ड बिताएकी मनीता इप्पोनका आधारमा सर्बियाकी मरिका पेरिसिकसँग १०-० अङ्कले हारेकी थिइन् । मनीता ओलम्पिक खेल्ने छैटौँ नेपाली जुडो खेलाडी हुन् । नेपाल जुडो सङ्घको स्थापना भएको ४१ वर्ष भइसकेको छ ।

### स्विमिङ

ओलम्पिकमा एथलेटिक्सपछि धेरै नेपाली खेलाडीले सहभागिता जनाउने अवसर पाएको खेल स्विमिङ हो । एथलेटिक्स र स्विमिङमा अनिवार्य सहभागिताको कारणले धेरै नेपाली स्विमरले ओलम्पिकमा खेल्न पाएका हुन् । नेपाली स्विमर एलेक्जेन्डर शाहले पुरुष एक सय मिटर फ्रिस्टायलमा कायम गरेको नयाँ राष्ट्रिय कीर्तिमान नेपाली खेल टोलीको गौरवको विषय बन्न पुग्यो । उनले निर्धारित दूरी ५१.९१ सेकेन्डमा पूरा गर्दै आफ्नै नाममा रहेको ५२.१७ सेकेन्डको कीर्तिमानमा सुधार गरे । एलेक्जेन्डरले २०२१ टोकियो र २०२४ पेरिस ओलम्पिकमा सहभागिता जनाएका थिए । नेपालकी डुवाना लामा पौडीको महिला दुई सय मिटर फ्रिस्टायलमा ३०औँ स्थानमा भएकी थिइन् । सहभागी ३१ खेलाडीमध्ये डुवाना ३०औँ भएकी हुन् । डुवानाले निर्धारित दूरी दुई मिनेट २०.७४ सेकेन्डमा पूरा गरेकी थिइन् ।

### सुटिङ

सुटिङ खेलाडी सुस्मिता नेपाल पेरिस ओलम्पिक-२०२४ को महिला १० मिटर एयर राइफलमा ४२ औँ स्थानमा रहिन् । कुल ४४ प्रतिस्पर्धीमध्ये सुस्मिताले ४२औँ स्थान हासिल गरेकी हुन् । सुस्मिताले कुल ६५४ अङ्कमा ६०७.८ अङ्क जोडेकी थिइन् । नेपालमा २०३७ सालमै नेपाल सुटिङ सङ्घको गठन भएको तथा सुटिङ खेलका विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सन् १९८२ देखि नै भाग लिँदै आइरहेको भएता पनि नेपालको लज्जाजनक पराजयको जिम्मेवारी सम्बन्धित अधिकारीले लिनुपर्ने देखिएको छ ।

यसपटक ओलम्पिकमा सहभागी नेपाली खेलाडीमध्ये तीनजना विदेशमा अध्ययनरत छन् । स्विमिङका अलेक्जेन्डर शाह अमेरिका तथा डुवाना लामा थाइल्यान्डबाट एवं टेबुल टेनिसका श्यान्टु श्रेष्ठ अष्ट्रेलियाबाट आएका थिए । विदेशमा अध्ययन तथा रोजगारीका लागि जाने नेपाली खेलाडीको सङ्ख्या बढ्दै गइरहेको अवस्थामा नेपालमा उत्कृष्ट खेलाडीको अभाव हुँदै गइरहेको महसुस हुन्छ । यस्तो अवस्थामा नेपालमा खेलाडी भई बाँच्न सक्ने अवस्था सिर्जना गर्न तथा ओलम्पिक जस्तो अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको छवि उँचो बनाइराख्न सरकारले विशेष सक्रियता अपेक्षित मानिएको छ ।यसैबीच, १७ दिनपछि पेरिसमै आयोजना हुने पारा ओलम्पिकमा नेपालले ताइक्वान्डो र स्विमिङमा भाग लिँदैछ । राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव घिसिङ पारा ताइक्वान्डोकी पलेस्वा गोबर्द्धनले सो प्रतियोगितामा राम्रो प्रदर्शन गर्ने आशा व्यक्त गर्नुहुन्छ । (लेखक खेलकुदमा अभिरुचि राख्ने पत्रकार हुनुहुन्छ)रासस

# अन्तर्राष्ट्रिय युवा दिवस-रोजगारी र उद्यमशीलतामा नै समस्या

**शरद शर्मा**

विश्वभर सोमबार (साउन २८ गते) अगस्त १२ तारिख अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदैछ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको संयोजकत्वमा दिवस मनाउनका लागि मूल समारोह समिति समेत गठन भएको छ । सरकारले यसरी वर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो । तर दिवस एक दिन मनाउनमा मात्र केन्द्रित भएको युवाहरुको बुझाइ रहेको छ ।

युवा लक्षित गरी सरकारले ल्याइएका कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृतरुपमा सम्बोधन हुन नसकेको उनीहरुको गुनासो छ । अहिले युवाको मुख्य समस्या वेरोजगार रहेको छ । स्वदेशमा रोजगारी र उद्यमशीलताको अवसर नहुँदा वार्षिक सात लाखभन्दा बढी युवा रोजगारीका लागि विदेशमा जाने गरेको विभिन्न सरकारी तथ्याङ्क रहेको छ । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले सरकारले युवा लक्षित ल्याइएका कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुँदा रोजगार र उद्यमशीलतामा समस्यामा परेको बताउनुहुन्छ ।

उहाँले सबैले युवाको चिन्ता गर्ने गरेको तर कसैले पनि व्यवस्थापन नगरेको गुनासो गर्नुभयो । उहाँले युवालाई शासन प्रक्रियामा हिस्सादार बनाए मात्र युवाका समस्या समाधान हुने बताउनुहन्छ । "अहिले युवाको समस्या ठूलो समस्या बेरोजगार रहेको छ," उहाँले भन्नुभयो, "रोजगार र उद्यमशीलता बनाउनका लागि सरकार गम्भीर बन्नुपर्दछ ।"

सरकारले सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ ल्याएको छ । तर उक्त कार्यविधि हुने खाने र टाठाबाठाले मात्र अनुदान प्राप्त गरेका छन् । परिषद्का उपाध्यक्ष बस्नेतले राज्यले युवालाई सके रोजगार नभएर उद्यमशीलता बनाउनुपर्नेमा जोड दिनुहुन्छ । "राज्यले ल्याएको कार्यविधिअनुसार पनि वास्तविक युवाले अनुदान पाएका छैनन्," उहाँले भन्नुभयो, "कार्यविधिअनुसार युवालाई ऋण पाउन पनि प्रक्रिया कठिन रहेको छ ।"

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६-४० ( वर्ष) जनसंख्या ४२.५६ प्रतिशत अर्थात एक करोड २४ लाख १२ हजार १७३ रहेका छन् । २०६८ सालको जनगणनामा युवा ४०.३५ प्रतिशत अर्थात एक करोड छ लाख ८९ हजार ८४२ रहेका थिए । पछिल्ला दुई जनसंख्याको तुलना गर्दा २.२१ प्रतिशतले नेपालमा युवाको संख्या बढेको देखिन्छ । जनसाँख्यिक हिसाबले युवाको जनसंख्या धैरै रहेको छ । जनसंख्यासँगै नीति/निर्माण र नेतृत्वमा युवाको सहभागिता बढ्दो छ ।

सङ्घमा १२ प्रतिशत, प्रदेशसभामा २० प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत युवाको जनप्रतिनिधिमा सहभागिता रहेको छ । परिषद्का उपाध्यक्ष बस्नेतले युवाको जनसाँख्यिक लाभलाई फाइदा उठाउँदै युवा भविष्यका कर्णाधार र वर्तमानका अंशियार बनाउनु आवश्यक रहेको बताउनुहुन्छ । उहाँले युवालाई नै स्वदेशमा रोजगारी र उद्यमशीलता बनाउन सके मुलुकले विकासमा फड्को मार्ने बताउनुभयो । अहिले नागरिक १६ वर्षमा दिइन्छ तर मतदानमा १८ वर्ष पुगेपछि मात्र सहभागी गराइन्छ । यसलाई पुर्नविचार गर्दै १६ वर्षमा मतदान प्रक्रियामा सहभागी गराउनुपर्ने उहाँको जोड छ ।

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो । यस्तै पहिलोपटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितसँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ साल फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो । युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ ।

राष्ट्रिय युवा नीति २०७२ र 'युथ भिजन २०२५' ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ । यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् । परिषद्ले सात सय ५३ स्थानीय तहमा नगर/गाउँ परिषद् गर्नुपर्नेमा अहिले कार्यपालिकाद्वारा १६ स्थानीय तहमा मात्रै परिषद् र ६५ वटा स्थानीय तहमा युवा सञ्जाल गठन भएका छन् । प्रदेश स्तरमा लुम्बिनी, वागमती र सूदुरपश्चिममा युवा परिषद् गठन गरिएको छ । तर पनि युवाका मुद्दा सम्बोधन हुन सकिरहेका छैनन् ।

राष्ट्रिय युवा परिषद्का सदस्य जगदीश ऐरले युवालाई स्वदेशमा राज्यले उपयोग गर्नुपर्ने बताउनुहुन्छ । उहाँले देशको ठूलो जनसंख्या युवा भए पनि राज्यले उपयोग गर्न नसक्दा विदेशिएको बताउनुहुन्छ । उहाँले स्थानीय सरकारले युवामैत्री नीति ल्याएर ऋण प्रणाली, रोजगारीमुखी नीति र श्रम बैंक स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । "युवा पलायनलाई रोकेर युवा लक्षित रोजगार

> "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौँ । तर ती कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी हुन सकेका छैनन्," उहाँले भन्नुभयो, "छरिएर रहेका कार्यक्रमबाट युवाका क्षेत्रमा प्रतिफल पाउन सकिएको छैन ।"

र उद्यमशीलताका कार्यक्रम ल्याउन सक्नुपर्दछ," उहाँले भन्नुभयो, "अनि मात्र युवाको उपयोग भई मुलुकको अर्थतन्त्रमा टेवा पुग्दछ ।"

परिषद्का उपाध्यक्ष बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गर्नुहुन्छ । उहाँले युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अन्त्यन्तै सीमित भएकाले पनि कार्यान्वयनमा समस्या भएको बताउनुभयो । राज्यले पनि युवालाई राजनीतिक मुद्दामा उपयोग मात्र गरेर तर प्राथमिकतामा राख्न नसकेको उहाँको गुनासो छ ।

सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसङ्घको समन्वयमा पोर्चुगलको राजधानी लिस्बनमा विश्वका एक सय ४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो । त्यस सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता जनाउनाका साथै युवा सशक्तीकरणका पक्षमा ८८ बुँदे लिस्बन घोषणापत्र समेत जारी गरेको थियो । त्यसपछि सन् २००० देखि ऐतिहासिक घोषणा भएको अगष्त १२ लाई आधार मान्दै हरेक वर्ष विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालियो । उक्त दिवसलाई संसारभर युवा हकहित र सशक्तीकरणका लागि बहस र पैरवी गर्ने उत्सवका रुपमा मनाउन थालियो । त्यससँगै संसारका विभिन्न देशमा आ-आफ्नै आवश्यकता र परिवेशअनुसार राष्ट्रिय युवा नीति निर्माण गर्ने सिलसिला पनि अघि बढ्को पाइन्छ ।

नेपालमा भने युवासँग काम गर्ने सङ्घसंस्थाको अगुवाइमा पहिलोपटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो । नेपालमा यसवर्ष 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि : डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि' भन्ने मूल नाराका साथ दिवस मनाउन लागिएको छ ।

राष्ट्रिय युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले राज्यले युवाको मनोभाव नबुझेर युवाको समस्या समाधान हुन नसकेको बताउनुभयो । उहाँले युवालाई राज्यले रोजगारी दिन नसके पनि उद्यमशीतलता बनाउन सक्ने भन्दै उद्यमी बन्न चाहने युवालाई बिना धितोमा ऋण उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । उहाँले युवालाई कम्पनी खोल्नेदेखि ऋण लिनेसम्मको प्रक्रियामा झन्झटिलो भएको बताउनुहुन्छ । उहाँ युवालाई लक्षित गरी उद्यम र स्वरोजगारका कार्यक्रम ल्याउन राज्यले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ ।

सङ्घका अध्यक्ष थेवेले युवासँग उद्यमशीलता बन्नका लागि सुरुआतमा नै पुँजी नभएकाले उनीहरुको सोच, प्रस्तावलाई नै धरौटीका रुपमा राखेर ऋण उपलब्ध गराउनुपर्ने बताउनुभयो । "हामीसँग कुनै पनि व्यवसाय गर्नका लागि धितो राख्नका लागि कुनै पैतृक सम्पत्ति हुँदैन," उहाँले भन्नुभयो, "त्यसैले युवाले ऋण निकाल्नका लागि धितो राख्न सक्दैनन् । ती युवाले व्यवसाय गर्नका लागि तयार गरेको सोच, धारणा र प्रस्तावलाई नै आधार मानेर ऋण उपलब्ध गराउनुपर्दछ । अनि मात्र युवालाई उद्यमशीलता बनाउन सकिन्छ ।"

सङ्घका अध्यक्ष थेवेले शैक्षिक प्रमाणपत्र धितो राखेर युवालाई ऋण उपलब्ध गराउनुपर्नेमा जोड दिनुहुन्छ । उहाँले युवा नीति २०७२ लाई अहिलेको परिवर्तित अवस्थामा संशोधन आवश्यक रहेको बताउनुभयो । तरुण दलका नेता विद्धान गुरुङले राज्यले सवै युवा सङ्गठनको सुझावअनुसार युवाका समस्या समाधान गर्न आग्रह गर्नुभयो । "युवालाई राज्यका हरेक निकायमा सहभागी राज्यले गराउनुपर्दछ," उहाँले भन्नुभयो, "युवालाई युवाका समस्या समाधान गर्न भूमिका दिँदा राम्रो हुन्छ ।"

उहाँले युवालाई कृषिसँग जोड्नसके धेरै युवा स्वदेशमा नै उद्यमशीलता बनाउन सकिने धारणा राख्नुभयो । उहाँले युवालाई नीति निर्माणको तहमा पुऱ्याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताउनुभयो । योङ कम्युनिष्ट लिग (वाइसिएल) का अध्यक्ष सुवोध सेर्पालीले वर्षमा एक दिन मनाइने युवा दिवसले युवाका माग सम्बोधन गर्न नसक्ने बताउनुभयो । उहाँले युवालाई आत्मनिर्भर बनाउनका लागि स्वरोजगार मुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ । "युवालाई बिना झन्झट ऋण र अनुदान उपलब्ध गराउने हो भने युवा विदेश जाँदैनन्" उहाँले भन्नुभयो, "राज्यले प्राविधिक सहयोग उपलब्ध गराएर युवालाई उद्यमी बनाउनु पर्दछ ।"

अहिले युवाका कार्यक्रम छरिएर रहेका छन् । ती छरिएर रहेका कार्यक्रमलाई एकद्वारमार्फत एकीकृत गर्न आवश्यक रहेको परिषद्का उपाध्यक्ष बस्नेतले बताउनुभयो । अहिले १४ वटा मन्त्रालयमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ । "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौँ । तर ती कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी हुन सकेका छैनन्," उहाँले भन्नुभयो, "छरिएर रहेका कार्यक्रमबाट युवाका क्षेत्रमा प्रतिफल पाउन सकिएको छैन ।"रासस

# जलवायु परिवर्तनको असर न्यूनीकरणमा नेपाल-भारत मिलेर अघि बढौँः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग भारतीय विदेश सचिव विक्रम मिस्रीले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। राष्ट्रपति भवन शीतल निवासमा आइतबार भएको सो भेटमा द्विपक्षीय आपसीहित र



सम्बन्धका विविध विषयमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ।

सो अवसरमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि नेपाल-भारत मिलेर काम गर्नुपर्ने बताउनुभयो । “हिमाल र पानीको सुरक्षा नै मानवजातिको सुरक्षा निर्भर रहेको हुनाले जलवायु परिवर्तनको असर न्यूनीकरणमा दुवै देश मिलेर काम गर्न जरुरी छ”, राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले भन्नुभयो। राष्ट्रपति पौडेलले नेपाल-भारतबीच अनादिकालदेखि जनस्तरसम्मको सम्बन्ध रहेको र नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव मिस्रीको कार्यकालमा दुवै देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले आपसीहित र समृद्धिका लागि दुई देशबीचको मित्रता र सहकार्य अझ मजबुत बनाउनुपर्छ भन्ने लागेको छ भन्दै कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत्, व्यापार, लगानी, पर्यटन तथा मानवसंशाधन विकास नेपालको प्राथमिकता रहेको बताउनुभएको उहाँका प्रेस सल्लाहकार पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति पौडेलले नेपालमा जलविद्युत् विकास, दिगो एवं सहज ऊर्जा व्यापारका लागि प्रशस्त सम्भावना रहेको उल्लेख गर्नुभयो।

सो अवसरमा भारतीय विदेश सचिव मिस्रीले जलवायु परिवर्तनको असर न्यूनीकरणको विषय दुवै देशका लागि चुनौती रहेकाले यसमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।


नेपाल सरकारका कैयौँ योजनामध्ये ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतमा भारत पनि काम गर्न इच्छुक रहेको उहाँले बताउनुभयो । उहाँले काम अगाडि बढिरहेका आयोजना यथाशीघ्र सम्पन्न गरेर नयाँ र प्राथमिकताका क्षेत्रमा काम गर्न भारत इच्छुक रहेको पनि जानकारी दिनुभयो।

नेपाल-भारतबीचको सम्बन्ध जति सुमधुर हुन्छ त्यति नै दुवै देशका जनताको हित हुने उल्लेख गर्दै विदेश सचिव मिस्रीले भारतले स्थिर, शान्त र समृद्ध नेपाल हेर्न चाहेको पनि प्रष्ट पार्नुभएको प्रेस सल्लाहकार पोखरेलले बताउनुभयो ।रासस

# उत्पादन र रोजगारी वृद्धिमा ध्यान केन्द्रित गर्न प्रधानमन्त्री ओलीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वाधार विकासको क्रमसँगै उत्पादन र रोजगारी वृद्धितर्फ ध्यान केन्द्रित गर्न लुम्बिनी प्रदेश सरकारलाई आग्रह गर्नुभएको छ । सो प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहित मन्त्रीहरुसँग आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले उपयुक्त माटोमा उन्नत जातका बाली लगाएर कृषिलाई औद्योगीकरण गर्दै त्यसको बजार विस्तार गर्न सुझाव दिनुभएको हो।

“अहिले समग्र अर्थतन्त्र ओरालो लागेको छ । भवन, कार्यालयलगायत भौतिक संरचना निर्माणमा खर्च गरेर तत्काल उत्पादन वृद्धि हुन सक्दैन। हामीसँग ऊर्बर धर्ती, पानी र हावापानी छ। मेहनत गरेर उत्पादन र रोजगारी बढाउन सकिने धेरै आधारहरु छन्”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “यस्ता काममा हाम्रा राजनीतिक दलका सङ्गठन र कार्यकर्ता पनि लाग्नुपर्छ । सबै मिलेर नागरिकका समस्या समाधान गर्नेतर्फ केन्द्रित हुनुपर्छ ।” उहाँले



अशुद्ध र विषादीयुक्त खाद्य पदार्थ/तरकारी निर्यात र आयात नगर्न ध्यानाकर्षण गराउँदै जनतालाई स्वस्थ राख्न खाना स्वस्थ हुनुपर्ने भन्दै अशुद्ध र विषादीयुक्त खाद्य पदार्थ आयात/निर्यातमा रोक लगाउने व्यवस्था गर्न सरोकार भएकालाई सुझाव दिनुभयो।

अहिलेको समीकरण र सरकार मुलुकको विशेष अवस्थाका कारण बनेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यो सरकारले मुलुकमा विद्यमान समस्या पहिचान गरी समाधान निकाल्ने योजनासहित काम गरिरहेको बताउनुभयो । उहाँले हाल घाटा बजेटमा सरकार सञ्चालन भइरहेको भन्दै आफूहरुले छोडेर जाँदा यस्तो अवस्थाको अन्त्य गराउनेगरी काम गर्न सबैलाई आग्रह गर्नुभयो । प्रधानमन्त्री ओलीले सरकार सञ्चालन गर्दा कसले कति भाग लिने भन्ने खालको विवाद नगरी सहमति, सहकार्य र जनताका लागि परिणाम दिने मुख्य विषयलाई ध्यानमा दिन आग्रह गर्नुभयो।

मुख्यमन्त्री आचार्यले प्रदेशको राजधानी रुपन्देहीबाट दाङ सार्न बजेटको प्रबन्ध र समग्र पूर्वाधार विकासमा केन्द्र सरकारको सहयोगको अपेक्षा गर्नुभएको थियो । छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेललगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# मनसुनजन्य विपद्बाट तुलनात्मक रुपमा क्षति कम हुनु पूर्वतयारीको नतिजा हो : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्बाट तुलनात्मक रुपमा क्षति कम हुनु पूर्वतयारीको नतिजा भएको बताउनुभएको छ।

राष्ट्रियसभाअन्तर्गतको सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको आइतबारको बैठकमा गृहमन्त्री लेखकले भन्नुभयो, “अत्यधिक वर्षा भए पनि तुलनात्मक रुपमा जनधनको क्षति कम भएको छ। त्यो पूर्वतयारीको नतिजा हो। हामीले गरेका प्रतिबद्धताअनुसार नै काम भइरहेका छन् । केहीमा कमजोरी होला, तर प्राकृतिक प्रकोपमा सजगता अपनाइ काम गरिरहेका छौँ।”




बैठकमा बाढी, पहिरोलगायतका मनसुनजन्य घटना एवं विपद् व्यवस्थापन सम्बन्धमा भएका काम कारबाही तथा भावी कार्ययोजनाका विषयमा छलफल भएको थियो। गृहमन्त्री लेखकले सरकारले मनसुनजन्य घटना एवं विपद् व्यवस्थापनमा के कार्य भइरहेका छन् भन्ने विषयमा जानकारी गराउनुभएको थियो । उहाँले भन्नुभयो, “नेपालमा मनसुन अझै डेढ महिनाभन्दा बढी समय रहन्छ, देशका अधिकांश भागमा सरदरभन्दा बढी पानी परेर जमिन गलेका कारण विपद्का घटना हुनसक्ने भएकाले चनाखो हुँदै थप कदम चाल्ने काम भइरहेको छ ।”गृहमन्त्री लेखकले चीन सरकारको सहयोगमा करिब रु पाँच करोड बराबरको उद्धार तथा राहत सामग्री प्राप्त गरी देशको विभिन्न गोदाम घरमा भण्डारण गरिएको जानकारी दिनुभयो। “थप रु १७ करोड बराबरको उद्धार तथा राहत सामग्री प्राप्तिको प्रक्रियामा रहेको छ”, उहाँले भन्नुभयो।

गृहमन्त्री लेखकका अनुसार २०८१ जेठ २८ गतेदेखि हालसम्म मनसुनजन्य तथा विपद्का एक हजार दुई सय १२ घट्ना घटेकामा पहिरो, बाढी र चटयाङमा परी एक सय ७० जनाको मृत्यु भएको थियो। ती घट्नामा परेर ४४ जना बेपत्ता भएका छन् भने एक सय ९७ जना घाइते भएका थिए।

गृहमन्त्री लेखकका अनुसार हालसम्म पहिरोमा परेर मात्र एक सय नौ जनाले ज्यान गुमाएका छन् । पहिरोमा ३९ जना बेपत्ता भएका छन्। यस्तै बाढीबाट ३५ जनाको मृत्यु भएको छ भने ६ जना बेपत्ता भएका छन् । चट्याङमा परेर २४ जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो। उहाँले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी गरी १८ हजार सात सय ७७ सुरक्षाकर्मी राहत, खोज तथा उद्धारमा खटिएको जानकारी दिनुभयो । आगामी डेढ महिना अझै मनसुन बाँकी रहेकाले सोही अनुसार गृह मन्त्रालयले गृहकार्य गरी पूर्वतयारी गरिरहेको उहाँले बताउनुभयो।

संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिसित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा आवश्यक वित्तीय स्रोतको व्यवस्थापन, व्यवस्थापनमा भइ गरेका क्रियाकलापरुको निरन्तर अनुगमन र पृष्ठपोषण गर्नुका साथै समितिको छलफलको क्रममा रहेका अन्य विषयगत कानुन निर्माणमा विपद् जोखिम न्यूनीकरणको आयाम समावेश गर्न अपेक्षा गरिएको गृहमन्त्री लेखकको भनाइ थियो।

बैठकमा गृहमन्त्री लेखकले सिमलताल बस दुर्घटनाको अध्ययन प्रतिवेदनको निष्कर्ष र कार्यान्वयनको कार्ययोजनाका सम्बन्धमा प्रतिवेदन पेस भइसकेको र प्राप्त भएका सुझावअनुसार मन्त्रालयले काम कारवाही थाल्ने बताउनुभयो। गत असार २८ गते नारायणगढ-मुग्लिङ खण्डको भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरोमा परी दुई यात्रुबाहक बस त्रिशूली नदीमा खसेका थिए।

गृहमन्त्री लेखकले भन्नुभयो, “सिमलताल दुर्घटनाका सम्बन्धमा गृहमन्त्रीस्तरको निर्णयबाट सहसचिव छवि रिजालको संयोजकत्वमा कार्यदल गठन भई यसले प्रतिवदेन पेस गरेको छ । प्रतिवदेनले यस प्रकारका घटना आगामी दिनमा हुन नदिन र सम्बन्धित निकायले गर्नुपर्ने सुझाव पेस गरेको छ।”बैठकमा सांसदहरुले गृहमन्त्री लेखकलाई सडक असुरक्षित भएका, विकासको ढाँचा परिवर्तन गर्नुपर्ने, विपद्बाट पीडितलाई राहतमा ढिलाइ नगर्न, क्षति न्यूनीकरणमा र उद्धार तथा राहतमा ध्यान दिन, पूर्वतयारीलाई प्राथमिकता दिन, चाडपर्वका बेला यातायात सेवा व्यवस्थित गर्नुपर्नेलगायतका सुझाव दिएका थिए ।रासस

# ‘भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद नराखौँ’



काठमाण्डु । सांसदहरुले देश विकासको बाधक मानिएको भ्रष्टाचार निर्मूल पार्न यससम्बन्धी कसुरमा संलग्नलाई हदैसम्मको सजायको व्यवस्था गर्नु अत्यावश्यक भएकामा जोड दिनुभएको छ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराउनुभएका सांसदहरुले भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद राख्न नहुने धारणा राख्नुभयो । सांसद नारायणी शर्माले भ्रष्टाचार, अनियमिततामा संलग्न व्यक्तिलाई अनुसन्धानगरी कारबाही गर्न कुनै हदम्याद राख्न नहुनेमा जोड दिनुभयो । “जहिले भ्रष्टाचार तथा अनियमितता भएको थाहा हुन्छ, त्यतिबेला पनि कारबाही गर्ने बाटो खुला राख्नुपर्छ”, उहाँले भन्नुभयो, “भ्रष्टचारीलाई कारबाही गर्न हदम्याद राख्न हुँदैन।”

सांसद अर्जुननरसिंह केसीले पाँच वर्षपछि भ्रष्टाचारको मुद्दा नचल्ने प्रावधान हटाइनुपर्ने बताउनुभयो । उहाँले नीतिगत निर्णयका आधारमा गरिने भ्रष्टाचारलाई निर्मूल गर्न विधेयकमा यससम्बन्धी निर्णयको स्पष्ट व्याख्या हुनुपर्नेमा जोड दिनुभयो। राज्यव्यवस्था समितिमा छलफल भइरहेको

> सांसद रञ्जुकुमारी झाले एकपटक भ्रष्टाचारी प्रमाणित भएको व्यक्ति सधैँको भ्रष्टाचारी हुने भन्दै त्यस्तो घटनामा संलग्नलाई कडा साजयको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सो विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्ता कार्य भएको थाहा पाएको पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने हदम्यादसहितको व्यवस्था राखिएको छ ।सांसद ज्ञानु बस्नेत सुवेदीले भ्रष्टाचारमा संलग्नलाई दिइने दण्ड सजायलाई कडा बनाइनुपर्नेमा जोड दिँदै भ्रष्टाचारका ठूला घटनामा संलग्नलाई जन्मकैदको व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो।

सांसद रञ्जुकुमारी झाले एकपटक भ्रष्टाचारी प्रमाणित भएको व्यक्ति सधैँको भ्रष्टाचारी हुने भन्दै त्यस्तो घटनामा संलग्नलाई कडा साजयको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । “भ्रष्टाचार गम्भीर अपराध हो, त्यस्ता कार्यमा संलग्न व्यक्तिका लागि यो बानी पनि हो । तसर्थ गलत बानी सुधार गर्न र अरुलाई सजग बनाउन कडा साजयको व्यवस्था गर्नुपर्छ”, उहाँले भन्नुभयो ।सांसद रोशन कार्कीले भ्रष्टाचार निवारणका लागि राजनीतिक प्रतिबद्धता र कार्यान्वयन अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । “भ्रष्टाचारीप्रति दया, माया नगरौँ, कठोर बनौँ”, उहाँले भन्नुभयो, “भ्रष्टाचारमा संलग्नलाई जुनसुकैबेला पनि कारबाही हुने प्रावधान राख्नुपर्छ।”

सांसद सोविता गौतमले भ्रष्टाचारजन्य कसुरमा शून्यसहनशीलता कायम गर्नुपर्नेमा जोड दिँदै भ्रष्टाचार भएको रकमअनुसार जरिवारना र कैद सजायको व्यवस्था गर्नु उपयुक्त हुने बताउनुभयो । उहाँले रु एक अर्बभन्दा बढी भ्रष्टाचार गर्नेलाई २० वर्ष वा निज जीवित रहेसम्म कैद सजायको व्यवस्था राख्न सुझाव दिनुभयो। सांसद श्यामकुमार घिमिरेले निजी क्षेत्रलाई पनि भ्रष्टाचारसम्बन्धी अनुसन्धानका दायरामा ल्याउन नहुने धारणा राख्दै यसबाट निजी क्षेत्र हतोत्साहित हुने दाबी गर्नुभयो। “कठोर सजाय दिएर मात्रै भ्रष्टाचार निवारण हुँदैन, यसबाट लोकतन्त्र झन् कमजोर हुन्छ”, उहाँले भन्नुभयो।

सांसद मनिष झाले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र सङ्घीय अभिसन्धि अनुकूलका व्यवस्था राखेर विधेयक संशोधन गरिनु उपयुक्त हुने सुझाव राख्नुभयो। सांसद नागिना यादवले भ्रष्टाचारीलाई हदैसम्मको कारबाही हुनुपर्ने मान्यतामा रहेर कडा दण्डसजायको व्यवस्था गर्न आवश्यक रहेको बताउनुभयो । सांसद प्रेम सुवालले अत्यधिक सम्पत्ति मोहले पनि भ्रष्टाचारका घटना बढेको दाबी गर्दै सरकारी राजस्व दुरुपयोग गरी अनावश्यक संरचना निर्माण गर्ने विषयलाई पनि भ्रष्टाचारको स्वरुप मान्नुपर्ने बताउनुभयो।

**अख्तियारका पदाधिकारीसागको छलफलपछि मात्रै दफावार छलफल**


बैठकमा सांसद हृदयराम थानीले दफावार छलफल प्रारम्भ हुनुअगावै विधेयकका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँग छलफल गर्नु उचित हुने धारणा राख्नुभएको थियो।

त्यसपछि समितिका सभापति रामहरि खतिवडाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँगको छलफलपछि विधेयकमाथि दफावार छलफल अघि बढाइने जानकारी गराउनुभयो । समितिको आजको बैठकले सो विधेयकको प्रस्तावना र नाम पारित गरेको छ। बैठकमा गृहमन्त्री रमेश लेखकले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको उल्लेख गर्दै समितिबाट यथाशीघ्र टुङ्ग्याइदिन आग्रह गर्नुभयो ।रासस

# राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ : डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताउनुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा कुलप्रसाद कोइरालाद्वारा लिखित ‘आफ्नो बाटो, आफ्नै पाइला’ आत्मवृत्तान्त र ‘एक्काको जोडा एक्का’ कथासङ्ग्रहको आइतबार विमोचन गर्नुहुँदै उहाँले मुलुकमा राजनीतिक स्थिरताका लागि निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताउनुभएको हो।

संविधान संशोधन गर्दा संविधानको मर्मलाई भने बिर्सन नहुने डा कोइरालाको भनाइ थियो । “निर्वाचन प्रणाली परिवर्तन गर्दा संविधानले व्याख्या गरेजस्तो सबै जातजातिको प्रतिनिधित्व हुनुपर्छ, संविधानमा भएको आरक्षणको सिटलाई सुनिश्चित गराउनुपर्छ तर एक पार्टीको बहुमत कसरी आउँछ भन्ने कुरालाई ख्याल गरेर संशोधन गर्नुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो । प्रतिनिधिसभा सांसद



डा कोइरालाले अहिलेको अवस्थामा सबै दललाई साथमा लिएर संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । यसैगरी उहाँले भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्न सम्पूर्ण ध्यान केन्द्रीत गर्न सरकारलाई आग्रह गर्नुभयो । बङ्गलादेशको घटनाले आमनेपालीलाई चिन्तित बनाएको उल्लेख गर्नुहुँदै डा कोइरालाले नेपालमा पनि जनआक्रोस बढ्न नदिन जनभावनाअनुसार काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । “राजनीतिक स्थायित्व, आर्थिक विकास र सुशासनका लागि कांग्रेस-एमाले गठबन्धन निर्माण भएको छ। अब पनि जनआकाङ्क्षाअनुसार काम गर्न सकिएन भने निराशा र जनआक्रोस बढ्नसक्छ । यसर्थ अहिलेको सरकारले प्राप्त अवसर र विश्वास गुम्न दिनुहुँदैन”, उहाँले भन्नुभयो । नयाँ कृति प्रकाशन गरेकामा प्रा डा कोइरालालाई उहाँले बधाई तथा शुभकामना समेत दिनुभयो।

पुस्तकका लेखक प्रा डा कोइरालाले जीवनमा भोगेका भोगाइ र गरेका कामलाई पुस्तकमार्फत आम पाठकमाझ प्रस्तुत गरेको बताउनुभयो। उहाँले अर्को वर्ष थप दुई पुस्तक प्रकाशनमा ल्याउने तयारी रहेको जानकारी दिनुभयो । दुई पुस्तकमाथि चर्चा गर्नुहुँदै प्राध्यापक पुरुषोत्तम दाहाल र कलानिधी दाहालले प्रा डा कोइरालाको कृतिभित्र जीवनको यात्रा सुरूदेखि हालसम्मको अवस्थालाई चित्रण गरिएको बताउनुभयो । प्रा डा कोइराला आफ्नो काममा निरन्तर लाग्ने व्यक्ति भएको उहाँहरूको भनाइ थियो।

प्रजातन्त्रवादी प्राध्यापक सङ्घ नेपालका अध्यक्ष जगत तिमल्सिना, त्रिभुवन विश्वविद्यालय रत्नराज्य लक्ष्मी क्याम्पसका क्याम्पस प्रमुख प्रा डा जीवनधर ज्ञवाली, प्रजातान्त्रिक विचार समाजका पूर्वअध्यक्ष डा केदारनरसिंह केसी, त्रिचन्द्र क्याम्पसकी प्राध्यापक उषा अधिकारीलगायतले प्रा डा कोइरालाको कृतिले नेपाली भाषा र साहित्यको क्षेत्रमा नयाँ इँटा थपिएको बताउनुभएको थियो। उहाँहरूले मानिस मरेर गए पनि सिर्जना कहिल्यै नमर्ने भएकाले अझ थप कृति ल्याउन शुभकामना दिनुभएको थियो।

**‘वर्तमान गठबन्धनको कार्यभार संविधान संशोधन प्रक्रिया अगाडि बढाउनु’**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले वर्तमान गठबन्धनको प्रमुख कार्यभार संविधान संशोधनको प्रक्रिया अगाडि बढाउने रहेको बताउनुभएको छ ।रासस

# आक्रमण र अनलाइन गलत सूचनाले बङ्गलादेशी हिन्दूहरूमा त्रास

एएफपी

ढाका । बङ्गलादेशी युवा व्यवसायी तनुश्री शाह प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट बर्खास्त गरेपछि आफ्नो परिवारविरुद्ध हालैको भीडको हिंसाबाट आक्रोशित हुनुभएको छ । उहाँलाई आफ्ना हिन्दू साथीहरूले थप प्रतिशोधको सामना गर्नसक्छन् भन्ने डर छ ।

ती डर उचित भए पनि हिन्दू-बहुल छिमेकी मुलुक भारतमा मिडियाद्वारा अनलाइनमा फैलाइएका अन्य घातक आक्रमणको झुटा अफवाहहरूको लहरबाट यसलाई बढावा मिलेको छ । अधिकांश मुस्लिम बङ्गलादेशमा हिन्दू सबैभन्दा ठूलो अल्पसंख्यक समुदाय हो र यो समुदायलाई हसिनाको पार्टी अवामी लिगका लागि दृढ समर्थनको आधार मानिन्छ ।

सोमबार हसिनाको अचानक राजीनामा र विदेश पलायनपछि उहाँको १५ वर्षको शासन अन्त्य गरेसँगै धेरै हिन्दू परिवार आफ्ना छिमेकीहरूको निशानामा आए । राजधानी ढाकामा हस्तकला व्यवसायका ३१ वर्षीय प्रबन्धक शाहले भन्नुभयो, "एक समूहले मेरो काकाको पसलमा तोडफोड गरे ।" उहाँले भीडले काकाको पैसा चोरेको र मैमनसिंह सहरको उत्तरमा किराना पसलको सेफ खाली गरिदिएको बताउनुभयो । त्यसपछि काकालाई उनीहरूले पिटेको र भविष्यमा आक्रमण रोक्न थप पैसा मागेको शाहले बताउनुभयो ।

शाह ढाका विश्वविद्यालय नजिकै हसिनालाई सत्ताबाट हटाउने विद्यार्थीहरूको विरोध प्रदर्शनमा गत महिना एक हजारभन्दा बढी हिन्दूसँग उभिनुभएको थियो । उक्त समूह नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वको मुलुकको नयाँ अन्तरिम सरकारसँग आफ्नो धर्मका सदस्यहरूलाई तत्काल क्षति हुनबाट बचाउन तुरुन्तै माग गर्न भेला भएको थियो । यद्यपि शाहले हिन्दूहरूप्रतिको शत्रुता गत महिनाको राष्ट्रिय उथलपुथलभन्दा गहिरो भएको



बताउनुभयो । "जब कुनै सरकार ढल्छ या कुनै समस्या उत्पन्न हुन्छ त्यतिबेला हामी अवसरवादीहरूबाट पीडित हुन्छौं ।"

**महिलामाथि दुर्व्यवहार**

सत्र करोड जनसंख्या भएको बङ्गलादेशमा करिब आठ प्रतिशत हिन्दू छन् । सन् १९४७ मा बेलायती औपनिवेशिक शासनको अन्त्यमा धार्मिक आधारमा भारत र पाकिस्तानको अव्यवस्थित विभाजनका कारण व्यापक हिंसा सुरु भएपछि यो बङ्गलादेशमा हिन्दूहरूको स८्यामा तीव्र गिरावट थियो । सन् १९७१ मा पाकिस्तानविरुद्ध बङ्गलादेशको विनाशकारी मुक्ति सङ्ग्राममा धेरै हिन्दू भागे । उक्त द्वन्द्वमा ३० लाख मानिसको मृत्यु भयो र स्वतन्त्रताका समर्थकका रूपमा हेरिने हिन्दूहरू असमान रूपमा पीडित भए ।

धार्मिक अधिकार समूहहरूले गत सातामा अल्पस८्यक समुदायमाथि आक्रमणका दुई सयभन्दा धेरै घटना रेकर्ड गरिएको र यसमा क्रिस्चियन र बौद्धहरू पनि समावेश भएको बताएका छन् । मानवाधिकार कार्यकर्ता राणा दासगुप्ताले भिडियो वयानमा भन्नुभयो, "घटनाहरूमा घरहरूमा आक्रमण, पसल र पूजा स्थलमा तोडफोड समावेश छन्, महिलाहरूसँग पनि दुर्व्यवहार गरिएको छ ।"हसिनाको पतनपछि अन्य सयौं हिन्दू भारतीय सीमा पार गर्न आग्रह गर्दै आइपुगेका छन् ।

**धर्मको आधारमा विभेद नगरौ**

प्राय यी सबै आक्रमण प्रधानमन्त्री भागेपछिका अराजक घन्टाहरूमा भएका थिए । हसिनालाई निष्कासन गर्ने युवा विद्यार्थी र जनताका अन्य सदस्यहरू कानून-व्यवस्था शून्यतामा प्रवेश गरेका छन् । उनीहरूले लुटपाट रोक्न रात्रिकालीन छिमेकी हेरचाह समूह व्यवस्थित गरेका छन् र मन्दिरहरू बाहिर स्वयंसेवकहरू परिचालन गरेका छन् ।

आइतबार मध्यरातपछि ढाकाको एक व्यस्त इलाकामा गस्ती गरिरहेका मोहम्मद मियादले भन्नुभयो, "हामी लुटेराहरूलाई पक्रन राति जाग्राम बसेका छौं ।"विद्यार्थी आन्दालनका नेताहरूले शुक्रबार हिन्दू समुदायसँग भेट गरी उनीहरूको चिन्ता सुनेका थिए ती चिन्तालाई युनुसको प्रशासनलाई बुझाएका थिए । युनुसले शनिबार आफैं मुलुकमा भेदभावका लागि कुनै स्थान नभएको बताउनुभएको थियो । उहाँले पत्रकारहरूसँग भन्नुभयो, "एउटा नयाँ बङ्गलादेश बनाउनु हाम्रो जिम्मेबारी हो, धर्मका आधारमा विभेद नगर्नुहोस् ।"

**हामी नागरिक होइनौ ?**

हिन्दूविरुद्ध हिंसा वास्तविकताभन्दा पनि खराब छ भनी अनलाइनमा आक्रमणका झुटा रिपोर्ट फैलिँदा चिन्ताहरू अझ बढेका छन् । यीमध्ये धेरैको उत्पत्ति भारतमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूबाट भएको छ । यिनीहरूका प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दू आस्थाका निर्विवाद समर्थक हुनुहुन्छ र हसिनाको शासनको कट्टर समर्थक हुनुहुन्थ्यो ।

भारतको सबैभन्दा साझा भाषा हिन्दीमा लेखिएको र सामाजिक सञ्जाल एक्समा व्यापक रूपमा साझा गरिएको पोस्टमा पाँच सयभन्दा धेरै हिन्दूको हत्या गरिएको, सयौं हिन्दू महिलालाई बलात्कार गरिएको र दर्जनौं मन्दिर जलाइएको झुटो दाबी गरिएको छ । इन्टरनेसनल क्राइसिस ग्रुपका थोमस किनले कयौं थप विचित्र दाबीलाई पनि भारतीय मिडियाले उठाएको र तथ्यका रूपमा रिपोर्ट गरेको बताउनुभयो । "उनीहरूको रिपोर्टिङ र विश्लेषणले एउटा विश्व दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ जुन धरातलीय यथार्थसँग बिल्कुल भिन्न छ", उहाँले भन्नुभयो । आफ्नो पतनपछि हसिनाले भारतमा शरण लिनुभएको छ । यसबाट बङ्गलादेशीहरूमा भारतका लागि दुश्मनी बढेको छ ।

किनका अनुसार हसिनाको पदच्यूतको वरपर भएका अशान्तिमा मारिएका चार सय ५० भन्दा बढी मानिसमा हिन्दूहरूको संख्या धेरै थियो भन्ने कुराको कुनै सङ्केत छैन । तैपनि हिन्दूविरुद्ध आक्रमणको सबैभन्दा नराम्रा रिपोर्ट बनाइए पनि हिन्दू समुदायभित्र डर र क्रोधको व्यापक भावना कायम छ । "तानाशाहीको पतनपछि हामीले विजय जुलुस निकाल्नुपर्थ्यो", २० वर्षीया विद्यार्थी मौमिता अधिकारीले ढाका विश्वविद्यालय नजिकै हिन्दू प्रदर्शनमा भन्नुभयो, "त्यसो भए हामी यहाँ किन विरोध गरिरहेका छौं ? के हामी यो देशका नागरिक होइनौं ?"

# पेरिस ओलम्पिक : चीन ३९ स्वर्णसहित शीर्ष स्थानमा



एएफपी

पेरिस । शनिबारसम्मको विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा चीन ३९ स्वर्ण, २७ रजत र २४ कास्यसहित ९० पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ ।

अमेरिका, अष्ट्रेलिया, जापान, फ्रान्स, बेलायत, दक्षिण कोरिया, नेदरल्याड्स, जर्मनी र इटाली क्रमशः शीर्ष १० स्थानमा रहेका छन् ।दोस्रो स्थानमा रहेको अमेरिकाले ३८ स्वर्ण, ४२ रजत र ४२ कास्यसहित कुल १२२ पदक हात पारेको छ भने अष्ट्रेलियाले १८ स्वर्ण, १८ रजत र १४ कास्य पदकसहित कुल ५० पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौथो स्थानमा रहेको जापानले १८ स्वर्ण, १२ रजत र १३ कास्यसहित ४३ पदक जितेको छ भने पाँचौं स्थानमा फ्रान्सले १६ स्वर्ण, २४ रजत र २२ कास्यसहित कुल ६२ पदक जितेको छ ।

पदक तालिकामा छैटौं स्थानमा रहेको बेलायतले १४ स्वर्ण, २२ रजत र २७ कास्यसहित कुल ६३ पदक जितेको छ भने दक्षिण कोरिया १३ स्वर्ण, आठ रजत र नौ कास्यसहित ३० पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ ।

आठौं स्थानमा रहेको नेदरल्यान्ड्सले १३ स्वर्ण, सात रजत र १२ कास्यसहित कुल ३२ पदक जितेको छ भने १२ स्वर्ण, ११ रजत र आठ कास्यसहित कुल ३१ पदक जित्दै जर्मनी नवौं स्थानमा छ । इटाली ११ स्वर्ण, १३ रजत र १५ कास्यसहित कुल ३९ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा रहेको छ ।

# भारतीय नियामक निकायद्वारा अडानी अनुसन्धानमा पूर्वाग्रहको दाबी अस्वीकार

एएफपी


मुम्बई । भारतीय बजार नियामक प्रमुखले अमेरिकी शर्ट-सेलर फन्ड हिन्डनबर्ग रिसर्चको आरोपहरूलाई आइतबार अस्वीकार गर्नुभएको छ ।

रिसर्चमा विगतको विदेशी लगानीले उहाँलाई अडानी समूहविरुद्ध कर्पोरेट दुराचारको आरोपहरूको उचित अनुसन्धान गर्नबाट रोकेको हुनसक्ने दाबी गरिएको छ । गत वर्ष हिन्डनबर्ग फरेन्सिक वित्तीय अनुसन्धान फर्मको आकस्मिक रिपोर्टपछि बन्दरगाहदेखि लिएर ऊर्जासम्मको विशाल अडानी समूहले आफ्नो बजार मूल्यभन्दा अर्बौं डलर गुमाएको थियो । रिपोर्टमा समूहमाथि 'निर्लज्ज' कर्पोरेट धोकाधडीको आरोप लगाइएको थियो ।

विश्वका अर्बपतिहरूको ब्लुमबर्ग इन्डेक्सअनुसार विश्वका १२औं सबैभन्दा धनी व्यक्ति एवं परिवारद्वारा सञ्चालित समूहका संस्थापक गौतम अडानीले उक्त रिपोर्टमा लगाइएको आरोपलाई अस्वीकार गर्नुभएको छ । उहाँले शर्ट-सेलर्सको लाभका लागि आफ्नो छवि बिगार्न 'जानीजानी प्रयास गरिएको' बताउनुभयो । हिन्डनबर्गले अडानीका ठूलो भाइ विनोदले मरिसस, साइप्रस र धेरै क्यारेबियन टापुलगायत ट्याक्स हेवनमा 'विदेशी शेल संस्थाहरूको विशाल भुलभुलैयाको व्यवस्थापन' गरेको दाबी गरेको छ ।

**आक्षेप**

धोकाधडीको दाबीले समूहको बजार मूल्यबाट एक खर्ब ५० अर्ब डलरभन्दा बढी क्षति गर्यो । साथै भारतको सर्वोच्च अदालतले भारतीय सेक्युरिटिज एन्ड एक्सचेन्ज बोर्ड (सेबी)



सँग आरोपहरूको अनुसन्धान गर्न आग्रह गर्यो ।

हिन्डनबर्गले शनिबार ह्विसलब्लोअर दस्तावेजहरूलाई उद्धृत गर्दै सेबीका अध्यक्ष माधवी पुरी बुच र उहाँका पतिमाथि कथित रूपमा विनोद अडानीले प्रयोग गर्नुभएको विदेशी कोषमा लगानी गरेको आरोप लगायो । "अडानी समूहका संदिग्ध विदेशी सेयरहोल्डरहरूविरुद्ध अर्थपूर्ण कारवाही गर्न सेबीले नचाहनुको कारण गौतम अडानीका भाइ विनोद अडानीले प्रयोग गरेको ठ्याक्कै त्यही कोष प्रयोगमा अध्यक्ष माधवी बुचको संलग्नताबाट उत्पन्न हुनसक्छ भन्ने हामीलाई शङ्का छ", हिन्डनबर्गले भनेको छ, "सेबी आफ्नै अध्यक्षसम्म पुग्नसक्ने मार्गलाई अनुसरण गर्न अनिच्छुक रहेको हुनसक्छ ।"

रिपोर्टमा दम्पतिले सन् २०१५ मा एक कोषमा आफ्नो खाता खोलेको उल्लेख छ । सन् २०१७ मा सेबीमा 'पूर्णकालीन सदस्य' का रूपमा बुचको नियुक्ति हुनुभन्दा केही साताअघि उहाँका पतिले खाताको एक मात्र सञ्चालक बन्न अनुरोध गर्नुभएको पनि रिपार्टमा उल्लेख छ । पनि सन् २०२२ मा बुचलाई सेबीको अध्यक्षका रूपमा नियुक्त गरिएको थियो । बुचले विज्ञप्तिमा आफू र आफ्नो पतिको 'जीवन र वित्त खुला किताब रहेको' बताउनुभएको छ । "हामी रिपोर्टमा लगाइएका आधारहीन आरोप र आक्षेपहरूको दृढतापूर्वक खण्डन गर्दछौं", उहाँले भन्नुभयो, "आवश्यकताअनुसार सबै खुलासा विगत केही वर्षमा सेबीलाई प्रस्तुत गरिसकिएको छ ।"


"हामीलाई कुनै पनि र सबै वित्तीय कागजात खुलासा गर्न कुनै हिचकिचाहट छैन, यसमा हामी पूर्णरूपमा निजी नागरिक भएका बेलासँग सम्बन्धित कागजात छन्, कसैले पनि र हरेक अधिकारीले ती कागजात माग्न सक्छन्", उहाँले भन्नुभयो । अडानीलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निकट सहयोगी मानिन्छ । विपक्षी दल र आलोचकहरूले उहाँहरूबीचको सम्बन्धले अडानीलाई अनुचित रूपमा व्यापार जित्न र उचित निरीक्षणबाट बच्न सहयोग गरेको बताएका छन् ।

# भेनेजुएलाका विपक्षीद्वारा मदुरोसँग 'उत्पीडन' अन्त्य गर्न माग

एएफपी

काराकस । भेनेजुएलाका विपक्षी उम्मेदवारले शनिबार राष्ट्रपति निकोलस मदुरोसँग 'हिंसा र उत्पीडन' अन्त्य गर्न आह्वान गरेका छन् । मुलुकको उच्च अदालतले जुलाई २८ को विवादित निर्वाचनमा आगामी फैसलाविरुद्ध पुनरावेदन गर्न नसकिने बताएको केही घन्टापछि विपक्षी उम्मेदवारले उक्त आह्वान गरेका हुन् ।ठूलो अन्तरले राष्ट्रपति पदमा विजयी भएको दाबी गर्नुहुने एडमन्डो गोन्जालेज उरुटियाले सामाजिक सञ्जालमा भिडियो पोस्ट गर्दै मदुरोसँग स्वतन्त्र राजनीतिक अभिव्यक्तिको अनुमति दिन माग गर्नुभयो ।

"म सबै भेनेजुएलाबासीका तर्फबाट तपाईंसँग हिंसा र उत्पीडन अन्त्य गर्न तथा मनमानी ढङ्गले हिरासतमा राखिएका सबै देशबासीलाई तुरुन्त रिहा गर्न आग्रह गर्दछु", निर्वाचनपछिको अशान्तिलाई उल्लेख गर्दै ७४ वर्षीय गोन्जालेज उरुटियाले भन्नुभयो, "हाम्रो संविधानप्रतिको सम्मानको माग गर्नु कुनै अपराध होइन, लाखौं भेनेजुएलाबासीको इच्छालाई समर्थन गर्न शान्तिपूर्ण प्रदर्शन गर्नु कुनै अपराध



होइन ।"निर्वाचनपछिको हिंसामा २४ जनाको मृत्यु भएको थियो भने दुई हजार दुई सय जनालाई पक्राउ गरिएको छ ।

सर्वोच्च अदालतले निर्वाचनमा लडेका उम्मेदवारका लागि आफ्नो आगामी फैसला 'अन्तिम' हुने बताएपछि एक साताभन्दा लामो समयदेखि सार्वजनिकरूपमा नदेखिनुभएका गोन्जालेज उरुटियाको उक्त सन्देश आएको हो ।सर्वोच्च अदालतका अध्यक्ष कारिल्सिया रोड्रिग्वेजले भन्नुभयो, "अन्तिम फैसला गर्ने उद्देश्यले सन् २०२४ अगस्ट ५ मा सुरु भएको मूल्याङ्कनलाई जारी राखिएको छ, यसका फैसला अन्तिम र बाध्यकारी हुनेछन् ।"

निर्वाचनमा सामान्य जीतको दाबी गर्नुभएका राष्ट्रपति मदुरोप्रति उच्च अदालत बफादार रहेको अधिकांश पर्यवेक्षकहरूले बताएका छन् । विपक्षी नेताहरूका अनुसार गोन्जालेज उरुटियाले अत्यधिक मतका साथ जित हासिल गर्नुभएको छ । उनीहरूले मतदान स्थलबाट प्राप्त आधिकारिक तथ्याङ्कलाई प्रमाणका रूपमा पेश गरेका छन् । मदुरोले आफैंले आफ्नो जीतलाई 'प्रमाणित' गर्नका लागि अगस्ट १ मा उच्च अदालतमा पुनरावेदन दिनुभएको थियो ।

अदालतले यो साता गोन्जालेज उरुटियाबाहेक सबै उम्मेदवारको सुनुवाइ गरेको छ । पक्राउ पर्ने डरले सुनुवाइमा उपस्थित नभएको गोन्जालेज उरुटियाले बताउनुभएको छ । प्रमुख विपक्षी नेता मारिया कोरिना मचाडोले आफू लुकेर बसेको बताउनुभएको छ । पूर्वराष्ट्रपति उम्मेदवार मचाडोलाई यस पटक निर्वाचनमा उम्मेदवारी दिन प्रतिबन्ध लगाइएको थियो । 'अवज्ञालाई उक्साएको' लगायतका अपराधहरूका लागि गोन्जालेज उरुटिया र मचाडो दुवैलाई न्याय विभागले अनुसन्धान गरिरहेको छ । न्याय विभागलाई पनि मदुरोप्रति बफादार अर्को राज्य संस्था मानिन्छ ।

नेसनल इलेक्टोरल काउन्सिल (सिएनई) ले अगस्ट २ मा मदुरोको जीत अनुमोदन गर्दै उहाँले ५२ प्रतिशत मत हासिल गर्नुभएको बताएको थियो । तर उसले डाटा ह्याक भएको भन्दै चुनावी स्थलहरूबाट सटीक तथ्याङ्क जारी गर्न अस्वीकार गर्यो ।यसको विपरीत विपक्षीहरूले मुद्रित विवरण प्रकाशित गरेका छन् ।

उनीहरूले गोन्जालेज उरुटियालाई ६७ प्रतिशत मत हासिल भएको बताएका छन् । विपक्षीहरूको वैधतालाई मदुरोले अस्वीकार गर्नुभएको छ । विपक्षी र धेरै पर्यवेक्षकले निर्वाचन परिणामको कथित ह्याकिङलाई चुनावी अभिलेख प्रकाशित नगर्ने बहाना बनाउने सरकारको मनगढन्ते कुरा भएको बताएका छन् ।

# अष्ट्रेलिया: जुवाजन्य विज्ञापनमा प्रतिबन्ध लगाउन सरकारसँग आग्रह


एएफपी

सिड्नी । प्रभावशाली अष्ट्रेलियाली अधिकारीहरूको गठबन्धनले अष्ट्रेलियामा जुवाजन्य विज्ञापन (ग्याम्लिङ एड्स)मा पूर्ण प्रतिबन्ध लगाउन आइतबार सरकारसँग माग गरेको छ । अष्ट्रेलिया जुवाजन्य क्रियाकलापबाट विश्वमा प्रतिव्यक्ति सबैभन्दा ठूलो नोक्सानी बेहोर्ने देशमध्ये एक हो ।

दुई करोड ७० लाख जनसंख्या रहेको अष्ट्रेलियामा जुवाजन्य खेलबाट वार्षिक २५ अर्ब अष्ट्रेलियाली डलर (१६ अर्ब अमेरिकी डलर) नोक्सानी हुने गरेको अनुमान गरिएको छ ।यहाँ टेलिभिजन, रेडियो र बिलबोर्डमा मानिसहरूलाई आफ्नो पैसाको जोखिम मोल्न लोभ्याउने विज्ञापन व्यापक छन् ।'पोकी' भनेर चिनिने जुवा खेल्ने मेसिन (स्लट मेसिन) हरू पनि भएका धेरै मधुशालाले नागरिकलाई मोजमस्तीमा सहभागी हुन अधिक आकर्षित गर्दछन् ।

अस्ट्रेलियाका ६० भन्दा बढी प्रतिष्ठित नागरिकले प्रधानमन्त्री एन्थोनी अल्बानिज र विपक्षी नेतालाई लेखेको पत्रमा भनिएको छ, "अस्ट्रेलियामा जुवाको विज्ञापन नियन्त्रणबाहिर गएको छ र एक वर्षको अवधिमा टेलिभिजन र रेडियोमा १० लाखभन्दा बढी जुवाजन्य विज्ञापन प्रसारण भइरहेका छन् ।"सप्ताहान्तमा जारी गरिएको पत्रमा हस्ताक्षर गर्नेहरूमा सङ्घसंस्था, खेलकुद क्षेत्रका पूर्व राजनीतिज्ञ र विश्वास गरिएका नेताहरू थिए ।

उनीहरूले जुवाबाट हुने हानिबारे सन् २०२३ को रिपोर्टसहित अल्बानिजको लेबर सरकार र विपक्षी दललाई तीन वर्षभित्र सबै जुवासम्बन्धी विज्ञापनलाई प्रतिबन्धित गर्न



सहमत हुन आग्रह गरेका छन् । "हाम्रो दैनिक जीवनमा स्क्रिनमा देखिने जुवाजन्य खेलसम्बन्धी विज्ञापन (प्रचार) र जुवाको माध्यमबाट हुने बढ्दो नोक्सानीबाट धेरै नागरिक चिन्तित छन्," हस्ताक्षरकर्तामध्ये एक पूर्व प्रधानमन्त्री जोन हावर्डले भन्नुभयो । "मेरो बुझाइमा जुवाको कारण समुदायमा हानि हाम्रो (अष्ट्रेलियाली) ठूलो क्षतिको लागि जिम्मेवार छ ।

**-वित्तीय बर्बादी -**

सरकारले उद्धृत गरेको अध्ययनले अस्ट्रेलियाली जुवाखेलबाट वार्षिक २५ अर्ब अष्ट्रेलियाली डलरबराबरको नोक्सानी हुने देखाएको छ ।सन् २०२०-२०२१ को आर्थिक वर्षमा कोभिड-१९ नियन्त्रणका उपायस्वरूप बन्दाबन्दी (लकडाउन) लागु हुँदा धेरै मधुशाला, क्लब र क्यासिनोहरू बन्द गरिएको थियो तर उक्त अवधिमा पनि अस्ट्रेलियाको सरकारी तथ्याङ्कले जुवाजन्य नोक्सानी २४ अर्ब अष्ट्रेलियाली डलरभन्दा बढी भएको देखाएको थियो । "हाम्रा बच्चाहरूलाई लक्षित जुवा कम्पनीहरू रोक्न सबै जुवा विज्ञापनमा पूर्ण प्रतिबन्ध आवश्यक छ," 'एलाइन्स फर ग्याम्लिङ रिफर्म' का प्रमुख कार्यकारी मार्टिन थोमसले भन्नुभयो । थोमसले एक विज्ञप्ति जारी गर्दै भन्नुभयो, "विज्ञापनलाई सीमित गर्ने वा सामाजिक सञ्जालमा मात्र पूर्ण प्रतिबन्ध लगाउने कुनै पनि निर्णय निहित स्वार्थका लागि जीत हुनेछ र यसले अस्ट्रेलियालीहरूलाई ठूलो क्षति पुऱ्याउनेछ ।""आर्थिक नोक्सानीका अतिरिक्त अकर्मण्यताको मूल्य 'बढ्दो आर्थिक विनाश, मानसिक स्वास्थ्य समस्या, आत्महत्या र जुवाले बढाउन सक्ने पारिवारिक हिंसा' हुनेछ," उहाँले भन्नुभयो ।

अस्ट्रेलियाको 'नाइन इन्टरटेनमेन्ट' पत्रिकाका अनुसार सरकारले केही हप्ताभित्रै प्रस्तावित कानुन घोषणा गर्ने अपेक्षा गरिएको छ ।रासस

# नेप्सेमा हालसम्मकै उच्च रकमको कारोबार, परिसूचक ९४ अङ्कले बढ्यो




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा हालसम्मकै उच्च रकम कारोबार भएको छ। आइतबार नेप्से परिसूचकमा उल्लेख्य वृद्धि देखिँदा कारोबार रकम उच्चतम विन्दुमा पुगेको हो।

आइतबार नेप्से परिसूचक ९४ दशमलव ५३ अङ्कले बढेर दुई हजार आठ सय ६० दशमलव ९१ को विन्दुमा कायम भएको छ। यो तीन दशमलव ४१ प्रतिशतको वृद्धि हो। तीन सय ३० कम्पनीको छ करोड तीन लाख २१ हजार तीन सय २३ कित्ता शेयर दुई लाख ७५ हजार दुई सय सात पटक खरिद बिक्री हुँदा रु २५ अर्ब ७७ करोड ९४ लाख ५३ हजार पाँच सय नौ बराबरको कारोबार भएको छ।

आइतबारको कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धेरै बढ्नेमा जीवन बीमा समूह चार दशमलव ५५ र लघुवित्त समूह चार दशमलव ४० प्रतिशतले बढेको छ। बैंकिङ तीन दशमलव ३५, विकास बैंक दुई दशमलव ५८, वित्त तीन दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ९०, जलविद्युत् तीन दशमलव ९३, लगानी चार दशमलव १२ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७५ प्रतिशतले बढेको छ। म्युचुअल फन्ड शून्य दशमलव ०१, निर्जीवन बीमा तीन दशमलव ४५, व्यापार दुई दशमलव ९१ र अन्य समूह दुई दशमलव ५१ प्रतिशतले बढेको छ।

आइतबार १० वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। नेसनल हाइड्रोपावर कम्पनी लिमिटेड, नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टेमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड, आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड, अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, शुभम् पावर लिमिटेड, आत्मनिर्भर लुघवित्त वित्तीय संस्था लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि देखिएको हो। कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने आज नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ५२ करोड दुई लाख ४७ हजार तीन सय ७० बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको २४ लाख ५१ हजार छ सय ८६ कित्ता शेयर किनबेच भएको छ।

# नयाँ पेसा र पहिचानको खोजीमा महाउत समुदाय



राँझा । बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनियास्थित मगन्ताटोलका केलाराम महाउत रोजगारीको खोजीमा नेपालगञ्जमा भौँतारिन थालेको तीन वर्ष भयो । सहरमा कुनै रोजगार नमिल्दा उहाँको मन खिन्न छ । "मागेर खाने भएकाले यो समुदायलाई मगन्ता भनिन्थ्यो, मागेर खाने पुख्र्यौली पेसा छोडेसँगै अहिले नयाँ पेसा र पहिचानका लागि कष्टकर जीवनयापन गर्नुपरेको छ", केलारामले भन्नुभयो, "महाउत समुदाय अहिले गरिबी, अभाव र सङ्कटबाट गुज्रिएको छ, पेसा र पहिचानबिना जीवन चलाउन कठिन भएको छ।"

समुदायबाटै पहिलोपटक एसएलसी पास गर्नुभएका केलाराम कृषक समूह गठन गरेर खेती किसानीको काम गर्दै आउनुभएको छ । पढे लेखेर पनि बेरोजगार बस्नुपर्दा महाउत समुदायमा पढेर पनि केही नहुने गलत धारणाको विकास भएको उहाँको बुझाइ छ । "महाउत बस्तीमा गरिबी र अशिक्षाको चरम रुप छ । बालबालिकालाई विद्यालय पठाउन सम्झाईबुझाई गर्दा पनि अभिभावकहरु मान्दैनन्", केलारामले भन्नुभयो, "जसोतसो विद्यालयमा भर्ना गराइदिए पनि बीचबाटै विद्यालय छोड्ने समस्या छ।"

महाउत समुदायका अधिकांश बालबालिका शिक्षाबाट वञ्चित छन्, महिलाको स्वास्थ्य अवस्था नाजुक छ । डरलाग्दो बालविवाहको समस्या मात्र होइन, सिङ्गो समुदाय प्रत्येक दिन छाक टार्ने समस्याबाट माथि उठ्न सकेको छैन । मागेर खाने पुख्र्यौली पेसा छोडेसँगै मगन्ताबाट महाउत बनेको यो समुदायलाई यतिबेला नयाँ पेसा र पहिचान नपाउँदा जीवन चलाउन कठिन भएको केलारामको बुझाइ छ।

बाँकेको हिरमिनियालगायत विभिन्न ठाउँमा दुई सय घरपरिवारको करिब एक हजार जनसंख्या छ । महाउत समुदायका युवा पुस्ताले अब मागेर हुँदैन, काम गर्ने र त्यसअनुसारको ज्याला लिनुपर्छ भन्ने बुझेका छन् । मागेर जीवन निर्वाह गर्ने भएकाले समुदायलाई नै मगन्ता जातिको परिचय दिइए पनि अहिले युवाहरूलाई आफ्नो नामको पछाडि झुन्डिने मगन्ता शब्द मन परेको छैन। त्यसैले महाउत लेख्ने गरेको युवा विशाल महाउतले बताउनुभयो। एक पुस्ताअघिसम्म यो समुदायका मानिसको नागरिकतामा नामको पछाडि मगन्ता थर लेख्ने गरे पनि अहिले त्यसलाई परिवर्तन गरेर महाउत लेख्ने गरिएको छ। पुर्खाहरूले नाममा मगन्ता नै लेखाए तर अहिले युवाहरूले नामको पछाडि महाउत लेख्न थालेपछि केही आत्मसम्मान मिलेको विशालको अनुभव छ।

अल्पसंख्यक र सीमान्तकृत समुदाय भए पनि सूचीकृत भइनसकेकाले यो समुदायले कुनै विशेष सुविधा पाउन सकेको छैन । राज्यले आफूहरुलाई अल्पसङ्ख्यक समुदायमा सूचीकृत गरी पेसा गर्ने व्यवस्थाको माग उनीहरुले गर्दै आएका छन् । खेती गर्नका लागि आफ्नै जग्गा जमिन, रोजगारीका लागि सीप र व्यापार-व्यवसायका लागि पुँजी नभएका कारण महाउत समुदायमा अधिकांश परिवार साँझ के खाउँ, बिहान के खाउँ भन्ने समस्या खेप्न विवश रहेको स्थानीय अमृता महाउतले बताउनुभयो । मगन्ता समुदायको बस्तीमा शुद्ध पानी पिउन छैन, बस्तीमा सडक बनेको छैन। स्थानीय सरकारले मगन्ता समुदायको विकासका लागि छुट्याएको बजेट कहाँ, कसरी, कसले खर्चिन्छ, उनीहरूले थाहा पाउन सकेका छैनन्।

अन्य लोपोन्मुख तथा सीमान्तकृत समुदाय राजनीतिक पहुँचका लागि राज्यसँग लडिरहेको समय आफूहरुले भने आफ्नो पहिचानसमेत कायम गर्न नसकेको अमृताको भनाइ छ। "महाउत समुदायको पुख्र्यौली पेसा तथा काम भनेको मागेर खाने हो", महाउत समुदायकी अगुवा एवम् डुडुवा गाउँपालिका कार्यपालिका सदस्य जवन्ती महाउतले भन्नुभयो, "अहिले खेती किसानी र मजदुरी गरेर जसोतसो जीविकोपार्जन गर्दै आए पनि महाउत समुदाय सबै क्षेत्र र अवसरबाट पिछडिएको छ।"

**महाउत समुदायकै एक्ली जनप्रतिनिधि**

बाँकेमा अल्पसंख्यक महाउत समुदायकी एक्ली जनप्रतिनिधि जवन्ती महाउतले विभिन्न चुनौती चिर्दै समुदाय र टोल बस्तीको विकासमा खटिनुभएको छ। महाउत समुदायको उत्थान र वडाको समग्र बस्ती विकासका लागि काम गर्ने आफूमा हुट्हुटी भए पनि राजनीतिक खिचातानीले सोचेजस्तो काम गर्न नपाएको उहाँको अनुभव छ।

स्थानीय तह निर्वाचन २०७९ मा जवन्ती बाँकेको डुडुवा गाउँपालिका-६ बाट महिला सदस्यमा निर्वाचित हुनुभएको हो। नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट वडा सदस्य जित्नुभएकी जवन्तीलाई उक्त पार्टीले कार्यपालिका सदस्य बनाएको थियो । कार्यपालिका सदस्य बनेपछि थुप्रै चुनौतीका बीच जवन्तीले काम गर्दै आउनुभएको छ। "हाम्रो समुदायलाई लोपोन्मुख अल्पसङ्ख्यक जातिमा सूचीकृत गर्नुपर्ने छ, मगन्ता बस्तीलगायत वडाका समग्र टोलको विकास गर्नुछ", जवन्तीले भन्नुभयो, "कार्यपालिका बैठकमा पटकपटक हाम्रो समुदाय र बस्तीको कुरा उठाएकी छु तर अहिलेसम्म सम्बोधन भएको छैन।"

वर्षौंदेखि मगान्ताटोलमा बसेका महाउत सबैजसोको घर फुसका छन्। अलि ठूलो पानी पर्दा जवन्तीको घर चुहिन्छ, अनि डुबान पनि हुन्छ। वर्षाद्मा वस्ती पस्ने बाटो हिलाम्य हुने गर्दथ्यो। यो वर्ष रु दुई लाखको बजेटमा महाउत बस्ती पस्ने सडक ग्राभेल बनाएपछि सुविधा भएको जवन्तीले बताउनुभयो । जनप्रतिनिधि बन्नुअगाडि जवन्ती महाउत अन्य गाउँमा बिहे, भोज हुँदा भाँडा माझ्न जाने काम गर्नुहुन्थ्यो । उहाँको श्रीमान मनोहर महाउन अहिले पनि मजदुरी काम गर्दै आउनुभएको छ।

सूचीकृत गराएर राज्यबाट सेवासुविधा दिलाउनु जवन्तीको प्राथमिकतामा परेको छ । "जनता आवास कार्यक्रम पारेर फुसका घरलाई विस्थापित गर्ने काम सुरु भएको छ, बाटोघाटो बनाउने, मागेर गुजारा चलाउनेहरूलाई आयआर्जनमा लगाउनु, शिक्षा र स्वास्थ्यमा पहुँच पुर्‍याउनु हाम्रो समुदायका आवश्यकता छन्", जवन्तीले भन्नुभयो, "गाउँपालिकाले वडा र महाउत बस्तीका लागि बजेट तथा कार्यक्रम विनियोजन नगर्दा सोचेजस्तो काम हुन सकेको छैन।"

**बालबालिका विद्यालय बाहिरै**

अल्पसंख्यक महाउत समुदायका बालबालिका आर्थिक अभावमा विद्यालय जानबाट वञ्चित हुँदै आएका छन्। विद्यालय उमेर समूहका अधिकांश बालबालिका मजदुरी गर्ने ठाउँमा भेटिन्छन्। "गाउँमा धेरै पढेको कोही छैन, मैले तीन कक्षासम्म पढेर छोडिदिएँ", विद्यालय उमेर समूहका नौकुश महाउतले भन्नुभयो, "स्कुल जान कापी किताब, झोला र पोसाक चाहिन्छ, घरमा कसैले दिँदैन । त्यसैले अहिले मजदुरी गर्न थालेको छु।"

काशी महाउतका विद्यालय उमेर समूहका चार छोरा र एक छोरी छन् तर कोही पनि विद्यालय जाँदैनन् । साना बालबालिका बाख्रा, बङ्गुर चराउन जाने र अलि ठूलो भएपछि मजदुरीमा जाने गरेको काशीले बताउनुभयो । "पढे लेखेर के हुन्छ, कसैले केही काम पाएका छैनन्, त्यही भएर हाम्रा छोराछोरी स्कूल जाँदैनन्", काशीले भन्नुभयो, "घरमा खान बस्नकै समस्या छ, विद्यालय पठाउन कापी किताब, झोला र पोसाक कहाँबाट ल्याउने ?"

वर्षौंदेखि मगान्ताटोलमा बसेका महाउत सबैजसोको घर फुसका छन् । यो समुदायका अधिकांश ज्याला मजदुरी गरेर जीविका चलाउँछन्। मगन्ता गाउँमा मात्रै यो समुदायका एकसय १२ घर छन्। समुदायबाट हालसम्म तीनजनाले मात्र एसइई पास गरेका छन् । समुदायबाटै पहिलोपटक एसएलसी उत्तीर्ण गर्नुभएका केलारामले जागिर नपाएर बेरोजगार बस्नुपर्दा महाउत समुदायमा पढेर पनि केही नहुने गलत धारणाको विकास भएको उहाँको बुझाइ छ।

डुडुवा गाउँपालिका-६ हिरमिनियास्थित सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक ज्वाला रेग्मीले गरिबी तथा आर्थिक अवस्था अभावका कारण महाउत समुदायका अधिकांश बालबालिका विद्यालय तहको पढाइ पूरा नगर्दै विद्यालय छाड्ने गरेको बताउनुभयो । विद्यालयमा भर्ना भएका महाउत समुदायका विद्यार्थीमध्ये करिब ९० प्रतिशत बढिले एसइई पास नगर्दै पढाइ छाड्ने गरेको उहाँले जानकारी दिनुभयो। महाउत समुदायबाट गत वर्षको एसइईमा एकजना विद्यार्थी सहभागी भएकामा अहिले मौका परीक्षाको तयारीमा रहेका छन्। महाउत सुमदायका बालबालिकाको शिक्षा पहुँच बढाउनका लागि विद्यालयका तर्फबाट अनेक प्रयत्न गरे पनि सफल हुन नसकेको उहाँको भनाइ छ । डुडुवा गाउँपालिका-६ का वडाध्यक्ष मोहनराम मिश्रले महाउत समुदायका बालबालिकालाई शिक्षामा विशेष किसिमको व्यवस्था नभएको बताउनुभयो । महाउत समुदायलाई अल्पसङ्ख्यक जातिमा सूचीकृत गराउन गाउँपालिका र जिल्ला समन्वय समितिस्तरबाट निर्णय गरेर प्रदेश सरकारमा पठाइसकिएको उहाँको भनाइ छ।रासस

# मौरीपालनबाट मासिक ५० हजार आम्दानी



मन्थली । यहाँको रामेछाप नगरपालिका-२ सुकाजोरका कृष्णबहादुर मगर सहरको रोजगारी छाडेर अहिले गाउँमै मौरीपालन गरी मासिक ५० हजार आम्दानी गरिरहनुभएको छ।

सानै उमेरमा सहर पस्नु भएका मगर कोरोना कहरका कारण गाउँ फर्किनु भएको थियो । कोरोनापछि लामो समय गाउँमा बस्नुपर्दा मगरले सुरुमा कुखुरापालन गर्नुभयो । कुखुराबाट खासै आम्दानी नभएपछि उहाँले मौरीपालन गर्ने सोच बनाएर ललितपुरको गोदावरीमा गई मौरीपालनसम्बन्धी तालिम लिनुभयो र मौरीपालन सुरु गर्नुभएको हो। सुरुमा मेलिफेरा जातको १० घार मौरीबाट व्यवसाय सुरु गर्नुभएको थियो। उहाँले भन्नुभयो, "त्यसपछि मैले छ घार सेरेना जातको मौरी थपेँ, अहिले यो व्यवसाय गरेको तीन वर्ष भयो आम्दानी राम्रै छ।" उहाँले मौरीपालनसँगै मौरीका नयाँ घार उत्पादन गरी घारसहितका मौरी बेच्नु हुन्छ। महभन्दा घारसहितको मौरी बिक्री चाँडो हुने र त्यसबाट बढी फाइदा हुने उहाँको अनुभव छ। मह र घार बिक्रीबाट उहाँले वार्षिर्क खर्च कटाएर छ लाख कमाइ गर्ने गरेको बताउनुभयो।

आर्थिक वर्ष २०८०/८१ मा मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि उहाँले रामेछाप नगरपालिकाबाट रु तीन लाख अनुदान प्राप्त गर्नुभयो। सुरुमा लगानी गर्न समस्या भएको अवस्थामा अनुदान पाएपछि उहाँ खुसी हुनुहुन्छ। उहाँले एक लाख १५ हजार लगानी गरी मौरीपालन सुरु गर्नुभएको थियो। सबैभन्दा बढी खर्च मह काढ्ने मेसिनमा लागेको उहाँको भनाइ छ। पछि आफैँले घार निर्माण गर्न थालेपछि अहिले उहाँको बगैंचामा मेलिफेरा र सेरेना जातका ७० घार माहुरी छन् । मेलिफेरा जातका मौरीले वर्षमा चार/पाँचपटक मह उत्पादन गर्छ। यसले एक पटक मह काढ्दा एक घार बराबर १० देखि १५ केजीसम्म मह दिन्छ। सेरेना (लोकल) जातको माहुरीको घारबाट भने वर्षमा दुईपटक मात्र मह निकाल्न मिल्ने उहाँले बताउनुभयो।

अहिले महभन्दा पनि मौरीसहितको घारको माग बढी भएकोले उहाँले माउ उत्पादनमा जोड दिनुभएको छ। उहाँले उत्पादन र निर्माण गर्नुभएको मौरीसहितको घार १० हजारका दरले बिक्री गर्नुहुन्छ। सेरेना जातको माहुरीको मह प्रतिकेजी एक हजारदेखि एक हजार दुई सयसम्म बिक्री गर्नु हुन्छ। अठार वर्षसम्म सहरमा रोजगारी गर्दा खासै पैसा कमाउन नसक्नु भएका मगर अहिलेको आम्दानीबाट सन्तुष्ट हुनुहुन्छ। रासस

# ढुसीको प्रकोप पीडित किसानलाई निःशुल्क विषादी वितरण

पर्वत । ढुसीजन्य रोगको प्रकोपबाट पीडित बनेका यहाँका किसानलाई निःशुल्क औषधि वितरण गरिएको छ । यहाँका किसानले लगाएको धानबालीमा ढुसीजन्य रोगले नष्ट गर्न थालेपछि रोकथाम गर्न निःशुल्क विषादी वितरण गरिएको हो । धान रोपको महिना दिनपछि धानका जरा कुहिने (फुट रुट) र पात पहेँलिने (सेट ब्लाइट) को प्रकोप फैलिएपछि किसानहरु पीडित बनेका थिए।

गाँज राख्ने बेलाका धानबालीमा प्रकोप फैलिएर खेत नै खाली हुन थालेपछि नमूना सङ्कलन गरी क्षेत्रीय बाली विज्ञान प्रयोगशालामा पठाइएकामा जरा कुहिने र डढुवा रोग लागेको पुष्टि भएको थियो। यो ढुसीजन्य रोगका कारण फैलिएको प्रकोप भएको पुष्टि भएपछि किसानलाई तत्काल नियन्त्रणका लागि आवश्यक मात्रामा औषधि वितरण गरिएको फलेवास नगरपालिकाका कृषि शाखाका प्रमुख केदार सापकोटाले जानकारी दिनुभयो।

फलेवासको कृषि शाखा, कृषि ज्ञान केन्द्रबाट र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन एकाइबाट पर्याप्त मात्रामा औषधि र औषधि छर्नका लागि आवश्यक यन्त्र उपकरण तथा तालिम प्रदान गरिएको हो । किसानलाई तत्कालका लागि बेभिष्टिन, भेलिडामाइसिन, बम्पर बोनस जस्ता विषादी वितरण गरिएको थियो । प्रयोगशालाबाट आएको रिपोर्टका आधारमा जिल्लाका सबै किसानलाई विषादी सिफारिस गरिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सोविता सुवेदीले जानकारी दिनुभयो । विषादीको प्रयोगसँगै कृषकलाई विषादी हालेपछि अपनाउनुपर्ने अन्य उपायका बारेमा समेत अभिमूखीकरण गरिएको छ।

कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सोविता सुवेदीले बीउको उपचार नगरीकन लगाइएका कारण धानबालीमा ढुसी रोग फैलिएको बताउनुभयो। धानले गाँज राख्ने बेलामा रोग फैलिएकाले तत्काल उपचार गर्नका लागि विषादी वितरण गरिएको छ। अब किसानले विषादीसँगै बाली जोगाउनका लागि रोगी बोट तत्कालै हटाउने, साँझ ४ बजेपछि विषादी छर्किनुपर्ने, पानीको निकास दिनुपर्ने, नाइट्रोजनयुक्त मलको प्रयोग गर्न नहुने सुझाव दिएको बताउनुभयो।फलेवास वडा नं ९ भँगरामा मात्रै ९० रोपनी क्षेत्रफलमा गरिएको पोखरेली जेठो बुढो धानखेतीमा ढुसी र फट्याङ्ग्राले नष्ट गरेको स्थानीय किसान लोकप्रसाद काफ्लेले बताउनुभयो । ठूलो लगानी गरेर धानखेती गरे पनि समयमै रोग लागेर नष्ट गरिदिएको उहाँको गुनासो रहेको छ । विषादी प्रयोग गरेपछि रोगकीराको प्रकोप न्यूनीकरण हुँदै गएको उहाँको भनाइ छ।

रैथाने जातका धान र खुमल-४ तथा जेठो बुढो धानलगायत ठाउँमा ढुसीको प्रकोप बढी देखिएको थियो । जिल्लाको झन्डै एक हजार रोपनीभन्दा बढी क्षेत्रफलमा लगाइएको धानबालीमा प्रकोपको समस्या देखिएको थियो। सबै ठाउँमा पर्याप्त विषादी वितरण गरिएकाले अब थप क्षति हुन जोगिनाका साथै धानबालीसमेत सप्रिँदै जाने अपेक्षा गरिएको नगर कृषि सञ्जाल फलेवासका संयोजक विनोद भुसालले बताउनुभयो।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### दा.खा.सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साबिक गाविस पचरुखी वडा नं. ८ बस्ने सरयुग रायको नाती चन्द्रदेव रायको छोरा रामबाबु राय, श्यामबाबु राय र लालबाबु राय समेतले मेरो बाजे नाता पर्ने सरयुग राय यादवको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा रौतहट जिल्ला अदालत, गौरको दे.नं. १२२१ मिति २०५८/११/२३ गतेको अंश दर्ता मुद्दा अनुसार दा.खा. गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा माग गरेको जग्गाको मोठ भिडान हुदाँ रातो मसीले क्रस गरिएको कट्टा गरिएको कतै गएको कैफियत उल्लेख नरहेकोले सो जग्गा दा.खा. हुन सो को हकदावीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अंसियार भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफू वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जानेछ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सरुअठा | ३ | १२९ | ०-०-१८-० | सरजुग राय यादव<br>बुवाः कन्हाई राय यादव<br>बाजेः माझी राय यादव |

## भुमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### दा.खा.सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साबिक गाविस पचरुखी वडा नं. ८ बस्ने सरयुग रायको नाती चन्द्रदेव रायको छोरा लालबाबु रायले मेरो बुवा नाता पर्ने सरयुग राय यादवको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा रौतहट जिल्ला अदालत, गौरको दे.नं. १२२१ मिति २०५८/११/२३ गतेको अंश दर्ता मुद्दा अनुसार दा.खा. गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा माग गरेको जग्गाको मोठ भिडान हुदाँ रातो मसीले क्रस गरिएको कट्टा गरिएको कतै गएको कैफियत उल्लेख नरहेकोले सो जग्गा दा.खा. हुन सो को हकदावीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अंसियार भए, असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफू वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा. भै जानेछ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सरुअठा | ३ | ५९ | ०-३-१९-० | सरजुग राय यादव<br>बुवाः कन्हाई राय यादव<br>बाजेः माझी राय यादव |

## श्री सरस्वती माध्यमिक विद्यालय कनकपट्टी

जनकपुरधाम १७ धनुषा नेपाल

### बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति २०८१।०४।२८

जनकपुरधाम उपमहानगरपालिका कनकपट्टी वडा नं १७ स्थित श्री सरस्वती माध्यमिक विद्यालयको स्वामित्वमा रहेको सुब्बाजी पोखरीको पानीमा माछा उत्पादन गर्ने प्रयोजनका लागि निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न १५ दिने यो सूचना प्रकाशित गरिएको छ।

१. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पूर्जी लिएको मितिले ३ वर्षको हुनेछ।
२. धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक जनकपुरधाम (भानु चौक शाखा)मा रहेको चल्ती खाता नं. १२२०१००००२४१८००१ मा जम्मा गरेको सक्कलै बैंक भाउचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
३. रीत नपुगेको केरमेट भएको सहीछाप नभएको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।
४. बोलपत्र मिति २०८१।०५।१५ गते दिनको ४ बजे सम्म नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर (PAN) चालु आ. ब. को कर चुक्ता प्रमाणपत्र समेत निवेदन साथ राखी खरीद गर्न सकिनेछ।
५. बोलपत्र फाराम भर्दा आफूले सकार गरेको रकम अंक तथा अक्षरमा समेत स्पष्ट रुपले उल्लेख गरी बोलपत्र फाराम खामभित्र राम्ररी बन्द गरी सिल लाहाछाप लगाई खाम बाहिर यस विद्यालयको नाम र आफ्नो नाम ठेगाना र पोखरीको नाम समेत बोलपत्र फाराममा स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।
६. बोलपत्र मिति २०८१।०५।१६ गते दिनको १२ बजे सम्म दर्ता गरिसक्नुपर्नेछ। दर्ता हुन आएको बोलपत्रहरु सोही दिन दिनको २ बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र खोलिने बखत बोलपत्र दाता वा नीजको प्रतिनिधि उपस्थित रहनु पर्नेछ। उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन।
७. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. बोलपत्र स्वीकृत भएको सूचना पाएपछि सो सूचनामा उल्लेखित म्यादभित्र ठेक्का करारनामा नगरी चलनपूर्जी नलिएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी अर्को बन्दोबस्त गरिनेछ।
९. कबूल अंक बराबरको रकम ३ किस्तामा बुझाउनुपर्नेछ जसमा पहिलो किस्ता रकम पट्टा उठाउनुपूर्व र अन्य किस्ता रकम बराबरको बैंक ग्यारेन्टी राखी वा पहिलो किस्ता नगदी तथा दोश्रो किस्ता बराबरको बैंक ग्यारेन्टी अर्को बर्षमा चालु किस्ता नगदी, आउने अघिल्लो वर्षको बैंक ग्यारेन्टी गरी प्रत्येक वर्षको किस्ता प्रतिवर्ष बुझाउनुपर्नेछ । वा ३ वर्षको जग्गा धनजमानीमा जग्गाको जग्गाधनी प्रमाणपूर्जा पेश गर्नुपर्नेछ । मालपोत कार्यालय वाट रोक्का पत्र आएपछि मात्र ठेक्का सम्झौता (करारनामा) हुनेछ र सो म्यादभित्र किस्ता रकम नबुझाएमा विद्यालयले ठेक्का तोडी अर्को व्यवस्था गर्न सक्नेछ।
१०. विद्यालयको निर्देशन र करारनामामा उल्लेखित म्याद अनुसार ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ।
११. पोखरी र सोको डिलहरुको संरक्षण सम्झौता अवधि सम्म ठेकेदारले नै गर्नुपर्नेछ। पोखरीको पानी सार्वजनिक सदुपयोगमा प्रतिकूल असर नपर्ने गरी ठेकेदारले संचय गरी राख्नु पर्नेछ।
१२. विद्यालयले समय समयमा दिइने निर्देशन तथा आदेशहरु ठेकेदारले तदारुकताका साथ पालन गर्नुपर्नेछ।
१३. ठेकेदार र विद्यालय बीच कुनै किसिमको मतभिन्नता भएमा विद्यालयको निर्णय मान्य हुनेछ।

| पोखरीको नाम | न्यूनतम अंक | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|
| सुब्बाजी पोखरी जउमनपा १७ कनकपट्टी | ८,६५,०००/- | कबूल अंकको ५% | रु २००० (दुई हजार मात्र ) |

# पुल निर्माणको माग गर्दै मुख्यमन्त्री सिंहलाई ज्ञापनपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी राजमार्गअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला नदीमा पुल बनाउन माग गर्दै कमला पुल निर्माण संघर्ष समितिले मुख्यमन्त्री सतीशकुमार सिंहलाई ज्ञापनपत्र बुझाएको छ । सिराहाका इन्जिनियरहरूको अगुवाइमा गठित संघर्ष समितिले आइतबार मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय पुगेर मुख्यमन्त्री सिंहलाई बुझाएको ज्ञापनपत्रमा पुल निर्माणको एक सूत्रीय माग राख्दै सात दिने अल्टिमेटमसमेत दिइएको सिराहा नगरपालिकाका इन्जिनियर एवम् संघर्ष समितिका संयोजक प्रवीणकुमार यादवले जानकारी दिए । उनले माग सुनुवाइ नभए थप आन्दोलनका कार्यक्रम अगाडि बढाउने चेतावनीसमेत दिए ।

सो ज्ञापन पत्र बुझाउनुअघि धनुषा र सिराहाका विभिन्न ठाउँबाट राजनीतिकर्मी, बुद्धिजीवि, युवा र सरोकार भएकासहित वृहत् र्‍याली निकालिएको थियो ।

ज्ञापनपत्रमा संघीयता आएको ९ वर्ष वित्दा पनि पुलको लागि केन्द्रको मुख नै ताक्नु पर्ने हो भने प्रदेशको औचित्य के भनेर प्रश्न समेत मुख्यमन्त्री सिंहलाई आन्दोलनकारीहरुले होच्याइएको थियो ।

# न्याय सम्पादनलाई प्रभावकारी बनाउन बार र बेन्च गम्भीर हुनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले न्याय सम्पादनका लागि कानुन व्यवसायीको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

जनकपुरधाममा आइतबार नेपाल कानुन व्यवसायी परिषद्को ३१ औं वार्षिकोत्सव समारोह बिषयक वर्तमान समयमा आमजनता प्रतिको कानुन व्यवसायीको भूमिका तथा व्यवहार विषयक एक दिवसीय विचार गोष्ठी तथा सम्मान कार्यक्रममा बोल्दै मुख्यन्यायाधीश पौडेलले न्याय सम्पादनका क्रममा कानुनमा देखिएका केही त्रुटिपूर्ण समस्याको समाधानमा बारले भूमिका खेल्नु पर्ने बताए ।

उनले बारमार्फत कानुन व्यवसायीहरुले आफ्नो ठाउँबाट बेलाबखतमा न्यायालयलाई सचेत गराउनु पर्ने आवश्यकता रहेको बताए ।

उनले नेपाल बार एशोसिएसन र नेपाल कानुन व्यवसायी परिषदले गर्नु पर्ने सेवाहरु समेत प्रवाह नगर्दा न्याय सम्पादनमा प्रभावकारी नदेखिएको भन्दै न्यायाधीश पौडेलले न्यायपालिकामा भइरहेको भ्रष्टाचारलगायतकामा पनि बारले न्यूनीकरणका लागि भूमिका खेल्न सुझाए ।

आमजनताको न्यायमा सहज पहुँचका लागि समेत बारले चासो लिनुपर्ने उनले बताए ।

बार काउन्सिलले कानुन व्यवसायीका लागि कानुन र कामलाई मर्यादित बनाउँदै सिस्टम बसाल्नका लागि उनले आग्रह गरे ।

नेपाल बार एशोसिएसन जनकपुरधाम र नेपाल कानुन व्यवसायी परिषद मधेश प्रदेशको संयोजनमा भएको सो कार्यक्रममा मुख्यन्यायधिवक्ता सुरेन्द्र कुमार महतोले कानुन व्यवसायीलाई सामाजिक अभियन्ता भनिए पनि समाजमा लुच्चा फटाहाको संज्ञा दिने गरेको हुनाले सो मान्यतालाई हटाउँदै काम अनुसारको परिभाषा स्थापित गर्नुपर्ने जोड दिए । कानुन व्यवसायीले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यता समाजमा रहे पनि कानुन व्यवसायीले सो मान्यतालाई व्यवहारमा उतार्न नसक्दा अहिले बदनाम रहेको तर्फसमेत ध्यानाकर्षण गराए ।




उनले समाजमा कानुन व्यवसायीलाई भ्रष्टाचार तथा विकृति विसंगतिको मुलश्रोत भन्ने गरेका कारण यस पेसालाई स्वच्छ र मर्यादित बनाउनु आवश्यक रहेको बताए ।

मुख्यन्यायाधिवक्ता महतोले भने, ‘ वकिल र न्यायाधीश दुबै एकै सिक्काका पाटो रहेको भन्दै उनले दुवैको भूमिका फरक रहे पनि एकै हुन् । दुबै न्यायका लागि काम गर्ने गर्दछन् ।’

न्यायिक विवेक र जनविश्वासका लागि कानुन व्यवसायी र न्यायालयसमेत मर्यादित हुनुपर्ने उनको भनाइ छ ।

उनले न्यायाधीश जागिरे नभई समाजमा न्यायको मान्यतालाई स्थापित गराउन र आमजनलाई समानरुपमा न्याय दिनका लागि न्यायाधीश र वकिलले आफ्नो विवेकीय प्रयोग गरी न्यायापालिकाप्रतिको आस्था कायम राख्नुपर्ने बताए ।

उनले बार र बेन्च एकै सिक्काको पाटो रहेको भन्दै मुख्यन्यायाधिवक्ता महतोले न्यायाधीशको दृष्टि पुर्‍याइदिने र पीडितलाई न्याय दिलाउनका लागि समेत छर्लंग पारिदिने काम कानुन व्यवसायीको रहेकाले सचेत हुन समेत आग्रह गरे । सोही कार्यक्रममा पुस्तकालय कक्ष समुद्घाटन समारोहको समेत आयोजनको क्रममा वरिष्ठ अधिवक्ता युगलकिशोर लालले नयाँ कानुन बनाउने कुरा भए पनि अग्रजले देखाएको सही मार्ग तथा कानुनको मापदण्डमा रही कानुन व्यवसायीहरुले काम गरेमा पेसाको मर्यादासमेत रहने बताए ।

नेपाल कानुन व्यवसायी परिषद्का मधेश प्रदेश अध्यक्ष श्यामकुमार मिश्रले वकिल लुच्चा र फटाहा हुन्छ भन्ने भनाइमा आफू सहमत नभएको बताउँदै वकिलप्रतिको विश्वास अगाध रहेको बताए ।

उनले लामो समयदेखि संचालनमा नरहेको पुस्तकालयलाई पुनः व्यवस्थित र न्याय सम्पादनमा सहज हुने किसिमले पुस्तकालयलाई संचालनमा ल्याएको बताउँदै प्रदेश अध्यक्ष मिश्रले वकिलहरुको संचय कोष स्थापनाबारे पनि आन्तरिक गृहकार्य सुरु भइसकेको बताए ।

नेपाल बार एशोसिएसन जनकपुरका अध्यक्ष बलराम सुवेदीले कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै कानुन व्यवसायीहरुले सचेततापूर्वक गम्भीर भइ पेसालाई थप मर्यादित र व्यवस्थितरुपमा काम गरेमा जनताले समेत न्यायको प्रत्याभूति पाउने र कानुनप्रतिको विश्वास बढ्ने बताए ।

सो कार्यक्रममा वरिष्ठ अधिवक्ताहरु सुरेन्द्रकुमार महतो, किशोरी साह, राजेश्वर सेराय, चन्द्रकान्त मैनाली, सुरेन्द्रप्रसाद यादव, विश्वरञ्जन प्रसाद गुप्ता, नवराज खत्री, शिवकुमार चौधरी, धर्मेन्द्रकुमार शर्मा, दीनानाथ चौरसिया, श्याम कुमार मिश्र, भानुभक्त निरौला, देवेन्द्र ठाकुर र नागेन्द्र लाललगायतलाई सम्मानित गरिएको थियो ।

# मन्त्री चौरसियाद्वारा अदालतको अवलोकन



**टुडे समाचारदाता**

वीरगञ्ज । कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरसियाले दुई वटा अदालतको स्थलगत अवलोकन गरेका छन् ।

गृह जिल्ला मुकाम आएका कानुन मन्त्री चौरसियाले पर्सा जिल्ला अदालत वीरगञ्ज र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको स्थलगत अवलोकन गरेका छन् ।

अदालतमा भौतिक संरचना र कर्मचारीहरूको अभावसहितका समस्या रहेको गुनासो आएपछि कानुनमन्त्री चौरसियाले दुईवटै अदालतको स्थलगत अवलोकन तथा निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा जिल्ला अदालत र अस्थाई इजलास वीरगञ्जका प्रमुख न्यायाधीशद्वयले अदालतको भौतिक संरचना बेहाल अवस्थामा रहेको ब्रिफिङ गरेका थिए ।

पर्सा जिल्ला अदालतका न्यायाधीश दीपक खनालले मन्त्री चौरसियालाई पर्सा जिल्ला अदालतमा भौतिक संरचना एकदम जीर्ण रहेको ब्रिफिङ गर्दै सबै संरचनाको स्थलगत अवलोकन समेत गरे ।

त्यस्तै अस्थायी इजलास वीरगञ्जका प्रमुख न्यायाधीश डा. रत्नबहादुर बागचन्दले पनि अस्थायी इजलास वीरगञ्जमा भौतिक संरचनाको अभावसंगै एकदम न्यून संख्यामा कर्मचारी रहेको ब्रिफिङ गरेका थिए ।

उनले कर्मचारीका कारण जनताको काम सोचे अनुरूपको गर्न नसकिएको आग्रह गर्दै कर्मचारी थपिदिन माग गरेका थिए । निरीक्षणका क्रममा न्यायाधीश बागचन्दले मन्त्री चौरसियालाई कानुन संशोधनको मार्फत अस्थायी इजलासलाई स्थायी बनाउनमा भूमिका निर्वाह गर्न आग्रह गरेका थिए ।

अदालतको निरीक्षण गर्दै मन्त्री चौरसियाले पर्सा जिल्ला अदालत र उच्च अदालतमा धेरै समस्या रहेको पाइएको बताए ।

मन्त्री चौरसियाले भने, ‘ पर्सा जिल्ला अदालत र अस्थायी उच्च अदालत वीरगञ्जमा भवन, कर्मचारीसहितको समस्या रहेको छ, यी समस्याहरू गम्भीर छन् । म यो समस्याप्रति संवेदनशील छु । त्यसकारण सरकारको तर्फबाट हुने सबै काम यी दुई वटै अदालतका लागि गर्ने छु । ’

# महायज्ञबाट ९३ लाख बढी संकलन



**टुडे समाचारदाता**

बर्दिवास । विगत एक सातादेखि महोत्तरी जिल्लाको बर्दिबासमा जारी ‘शिव पुराण महायज्ञ’बाट अहिलेसम्म ९३ लाख रुपैयाँभन्दा बढी संकलन भएको छ ।

महायज्ञ मूला आयोजक समितिका अध्यक्ष हीरा गौतमले सडक मानवको उद्धार तथा व्यवस्थापनका लागि बर्दिबासमा निर्माण गरिने ‘हाम्रो माया घर’ निर्माणको लागि गरिएको महायज्ञको आज आठौं दिनसम्म ९३ लाख ३८ हजार ८ सय २३ नगद दान प्राप्त भएको जानकारी दिए । साउन २१ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने महायज्ञबाट आयोजक समितिले हाम्रो माया घर निर्माणका लागि डेढ करोड संकलन गर्ने लक्ष्य लिएको छ ।

सो लक्ष्य अनुसार महायज्ञ समापनसम्म पुग्ने विश्वास रहेको संयोजक हीरा गौतमले बताए । यसैबीच हाम्रो माया घर निर्माणका लागि महोत्तरी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य लक्ष्मी महतोले ११ हजार ईँटा सहयोग गर्नुभएको छ भने बर्दिबास नगरपालिका-१४ का चन्देश्वर साहले एक सय पाँच बोरा सिमेन्ट सहयोग गरेको छ ।

# गरिमा विकास बैंकका प्रबन्धकद्वारा ठगी धन्दा आरोप

**बखतियार अलि**

मलंगवा । गरिमा विकास बैंक लिमिटेड मलंगवा शाखाका प्रबन्धक रामएकवाल साहले ऋणीहरुको रकम ठगी गरेको पिडितहरुले आरोप लगाएका छन् ।




मलंगवामा आइतबार जिल्ला समन्वय समिति सर्लाहीको सभाहलमा पत्रकार सम्मेलन आयोजना गर्दै पीडितहरुले गरिमा विकास बैंकका प्रबन्धक साहले ठगी गरेको आरोप लगाए ।

गुनासो लिएर आएका पीडित मध्येका कौडेना गाउँपालिका वडा न- ५ का फेकन राय यादवले आफ्नो जग्गाको ३० लाख रुपैयाँ मूल्यांकन गरी मलंगवा शाखाका प्रबन्धक साहले बैंकमै ४ वटा ब्लैंकचेकमा हस्ताक्षर गराइ सो चेक आफैसंग लिएर राखि पटक-पटक गरी निजले सो चेकको प्रयोग गरी पहिलो पटक ९ लाख ९९ हजार रुपैयाँ, दोस्रो पटक पुनः ९ लाख ९९ हजार रुपैयाँ विचौलिया कृष्णकुमार यादव मार्फत निकालेको र सो को विवरण सम्बन्धी म्यासेज आफ्नो मोबाइलमा आएको पीडित रायले बताए । तर आफूले १ लाख २५ हजार रुपैयाँ मात्र झिकेको रायले बताए । सो कुराको जानकारी प्रबन्धक साहलाई गराउँदासमेत उनले बेवास्ता गरेको उनीहरुको भनाइ छ । आफ्नो रकम बैंकका विचौलिया यादव, सोही बैंकका कर्मचारी रुपेश यादवसंगको मिलेमतोमा प्रबन्धक साहले झिकेको कुरा केही दिनपछि मात्र आफुले थाहा पाएको पीडित रायले सुनाए ।

त्यस्तै अर्का पीडित सीता विश्वकर्माले पनि प्रबन्धक साहले आफ्नो पैसा खाएको गुनासो गरिन् । उनले आफुले जग्गा धितो राखेर कृषि कार्यको लागि गरिमा बैंकसँग १६ लाख रुपैयाँ विचौलिया कृष्ण कुमार यादवमार्फत ऋणका लागि आवेदन दिए पनि सो बैंकले ऋण स्वीकृत भए वापतको १६ लाख रुपैयाँ नदिएको, तर पैसा खाताबाट झिकिएको मोवाइलमा म्यासेज आए पनि रकम भने प्राप्त हालसम्म नभएको बताइन् ।

गरिमा विकास बैंकले सेवाग्राहीलाई झुक्याएर ठग्ने गरेको पीडितहरु बताउँछन् ।

बैंकमाथि सेवाग्राहीको ठगीको आरोप लागिरहँदा पनि गरिमा विकास बैंक मलंगवा शाखाका प्रबन्धक साह र सो बैंकको केन्द्रीय कार्यालय काठमाण्डुले समेत बेवास्ता गरिरहेको पीडितहरु बताउँछन् ।

सर्लाही जिल्लामा गरिमा विकास बैंकले १३ जनालाई विभिन्न प्रलोभन दिइ ऋणको नाममा ठगी गर्ने गरेको उनीहरुले आरोप लगाएका छन् ।

# भन्सार छलीका चिनी बरामद



**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले भारी मात्रामा भन्सार छलेर ल्याइएका चिनी बरामद गरेको छ । सर्लाहीको ईश्वरपुर नगरपालिका-५ स्थित बयलवास सखुवनीबाट भन्सार छलेर ल्याइएको २०० बोरा चिनी बरामद गरेको प्रहरीले जनाएको छ ।

गतराति साँढे १ बजेतर्फ दक्षिण बयलवासतर्फबाट पूर्व-पश्चिम राजमार्ग हुँदै आइरहेको प्रदेश ०२-००१ ख १६०० नम्वरको ट्रकबाट अवैध चिनी बरामद भएको छ । प्रहरीले जाँच गर्दा बिलबिजक नमिलेको पाइएपछि सो चिनीसहितको ट्रक नियन्त्रणमा लिएर अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय केशरगन्ज बयलवासका प्रहरी नायब उपरीक्षक मानप्रसाद श्रेष्ठले जनाए ।

२०० बोरामा प्रति केजी गरी १० टन चिनी सात लाख रुपैयाँ मूल्य बराबरको रहेको राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा रहेको छ ।

सर्लाही प्रहरीले ट्रकका चालक ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका-२ स्थित फुलबारी टोलका ३७ वर्षीय झलक लिम्बुलाई समेत नियन्त्रणमा लिएको छ । चालकलाई पनि राजस्व कार्यालयकै जिम्मा लगाइएको सर्लाही प्रहरीले जनाएको छ ।

# अदालतमा मुद्दाको चाप

**टुडे समाचारदाता**

बारा । बारा जिल्ला अदालतमा मुद्दा चाप बढ्दै गएको छ । दुनियाँवादी देवानी (व्यक्तिगत) र सरकारवादी फौजदारी गरी दुवै प्रकारका मुद्दाको चाप बढेको छ । तर मेलमिलापका लागि आदेश भएका विभिन्न मुद्दाको आदेशको कार्यान्वयनमा प्रभावकारी देखिएको छैन ।




जिल्ला अदालत प्रशासनले सार्वजनिक गरेको आर्थिक वर्ष ०८०/०८१ को असारसम्मको प्रगति विवरणमा अनुसार मेलमिलाप मुद्दामा ७ सयभन्दा बढी आदेश भए पनि करिब २ सय मुद्दाको मात्रै कार्यान्वयन भएको देखिएको छ । यस अवधिमा एउटा मात्र बन्दी प्रत्यक्षीकरण मुद्दा परेको छ ।

४२ वटा मुद्दा अहिले पनि मिलापत्रको प्रक्रियामा रहेको अदालतले जनाएको छ । मध्यस्थताको अभाव र वादी प्रतिवादीको जिद्दीपनाले मिलापत्रको संख्या न्यून भएको बारा जिल्ला अदालतले जनाएको छ । अदालत प्रशासनबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष ०८०/०८१ मा दर्ता भएका नयाँ मुद्दा र यसअघिका वर्षबाट सरेर आएका मुद्दा ९ हजार ८ सय १५ रहेकामा ५ हजार ७ सय ३४ मुद्दाको फर्छ्यौट भएको जनाइएको छ ।

फैसला हुन बाँकी मुद्दा ४ हजार ८१ रहेको अदालत प्रशासनले जनाएको छ । जिम्मेवारी सरेर आएका ३ हजार १ सय ३ र नयाँ दर्ता भएका मध्ये २ हजार ६ सय ३१ गरी ५ हजार ७ सय ३४ मुद्दाको फर्स्योट भएको श्रेस्तेदार लालबहादुर कार्कीले बताए । मुद्दाको लगत अनुसार धेरै मुद्दा दुनियाँवादी देवानी रहेको छ ।

श्रेस्तेदार कार्कीका अनुसार यस अवधिमा कसुरदार ठहर भएका २ सय ६९ व्यक्तिबाट ५८ वर्ष ५ महिना १४ दिन कैद र ३ सय ३५ दोषी ठहर भएका व्यक्तिबाट जरिवाना १ करोड १६ लाख ८१ हजार ५ सय ५१ रुपैयाँ नगद असुल गरिएको छ । सो मुद्दा फैसलाका क्रममा ७ वटा मुद्दामा १९ जना पीडितलाई ५८ लाख ५६ हजार २ सय ६० रुपैयाँ क्षतिपूर्ति लिएको छ ।

# मोटरसाईकल दुर्घटनामा प्रहरी जवानको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा मोटरसाइकल दुर्घटना हुँदा एक प्रहरी जवानको मृत्यु भएको छ ।

जिल्लाको चन्द्रपुर नगरपालिका-६ स्थित तल्लोबजारमा आइतबार मोटरसाईकल दुर्घटना हुँदा प्रहरी जवान नवीनकुमार यादवको मृत्यु भएको छ । भने मोटरसाईकलको पछाडि बसेका एकजन घाइते भएका छन् ।



चन्द्रनिगाहपुर-गौर सडकखण्डस्थित चन्द्रनिगाहपुरबाट सन्तपुरतर्फ जाँदै गरेको मधेश प्रदेश-०३-०३३ प ३३०१ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा २६ वर्षीय प्रहरी जवान यादवको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

मोटरसाइकल दुर्घटनामा परि जवान यादव गम्भीर घाइते थिए । उनलाई तत्कालै चन्द्रनिगाहपुरस्थित हाइवे ट्रमा अस्पतालमा लगिएको थियो । प्रहरी जवान यादवको उपचारको क्रममा मृत्यु भएको जनाइएको छ ।

प्रहरी गुल्म बारा दरबन्दी भइ अस्थायी प्रहरी पोष्ट लँगडा चोक बारामा कार्यरत प्रहरी जवान यादव कार्यालयको काम विशेषले रौतहट आएको बेला दुर्घटनामा परेका छन् । प्रहरीले जनाए अनुसार उनको घर रौतहटको वृन्दावन नगरपालिका-३ स्थित विश्रामपुरमा पर्छ । दुर्घटनामा परि मोटरसाइकलको पछाडि बसेका वृन्दावन- १ का २५ वर्षीय नवीनकुमार चौधरीको बायाँ खुट्टामा चोट लागेको छ । उनको अवस्था भने सामान्य रहेको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८